# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ
# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण
# (२०७७ आषाढ मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

आषाढ, २०७७

www.mof.gov.np

# परिच्छेद - १
# अर्थ मन्त्रालयको संक्षिप्त परिचय

## १. पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेश विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं वजेट तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय मातहत रहेको छ।

## दीर्घकालीन सोच

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुर्‍याउँदै सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## उद्देश्य

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुर्‍याउने।

## रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वाताबरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।

- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारीको लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा वाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रीत गर्ने।
- राष्ट्रिय वजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा विनियोजन गर्दै यस्तो ऋणलाई निजी क्षेत्रलाई स्रोतको अभाव हुन नदिने गरी परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र वाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत संचालन गर्ने.

## २. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैक तथा वित्तीय संस्थाहरू सम्बन्धि नीति, कानुन, समन्वय र नियमन,

- विदेशी मुद्रा सम्वन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्धिपक्षीय र बहुपक्षीय साहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- वजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरीक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धि नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको संचालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धि नीति कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ प्रदेश र स्थानीय तहबिच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,

- बीमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
- महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धि तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३. अर्थ मन्त्रालयसंग सम्वन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

**ऐनहरू**

- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- संस्थान ऐन,२०२१
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्वन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- बस्तु विनिमय बजार सम्वन्धी ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५

- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६
- सालवसाली आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्र ऋण उठाउने ऐन

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- विमा नियमावली,२०४९
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार संचालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली २०६८
- धितोपत्र दर्ता निष्काशन नियमावली २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्वन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५

- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- राजस्व परामर्श विकास समिति गठन आदेश,२०७६

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन २०७३)
- अन्तःशुल्क निर्देशिका, २०६८ (संशोधन २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गका पूँजीगत लाभकर सम्वन्धी निर्देशिका, २०७२
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य संचालन निर्देशिका, २०७५

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र संचालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्वन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन वीमा संचालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्वन्धी कार्यविधि,२०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्वन्धी कार्यविधि,२०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७६

**नीति, मापदण्ड, आदेश**

- अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- रहेको घर जग्गा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- कार्य सञ्चालन निर्देशिका,२०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्वन्धी मापदण्ड, २०७६
- आयोजनाहरूको बहुबर्षीय ठेक्का सम्वन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन,२०७६

- कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्वन गरिएका कार्यहरुका कारण प्रभावित भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड,२०७६
- सार्वजानिक संस्थान तथा सरकारी स्वामित्वमा भएका समिति/वोर्ड/कम्पनी तथा संस्थाहरुको नाममा
- नेपाल सरकार र प्रदेश सरकार विच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६
- **अर्थ मन्त्रालयको दरवन्दी तेरिज**

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | २ | ० | ० | २ | |
| २ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ७ | १ | ० | ८ | |
| ३ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | ० | ० | १ | |
| ४ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | २८ | १ | ० | २९ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | १ | ० | २ | |
| ६ | उपसचिव लेखा | रा.प.द्वि. | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ७ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | ० | ० | १ | |
| ८ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | ० | ० | १ | |
| ९ | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | ० | ० | १ | |
| १० | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४८ | ० | ० | ४८ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ३ | ० | ० | ३ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | २ | ० | ० | २ | |
| १३ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | ० | ० | १ | |
| १४ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | २ | ० | ५ | |
| १५ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | ० | ३ | ८ | |
| १६ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| १७ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | २ | ० | ० | २ | |
| १८ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | ० | ० | १ | |
| १९ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | २० | ४ | ० | २४ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | ० | ० | ३ | |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | २ | १ | ० | ३ | |
| २२ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | ५ | ० | ८ | |
| २३ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | ० | १ | ० | |
| २४ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | ० | ० | १ | |
| २५ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | ० | ० | १ | |
| २६ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १५ | ० | ० | १५ | |
| २७ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | २४ | ० | ० | २४ | |
| २८ | गार्ड | श्रेणीविहिन | | | १ | ० | १ | ० | |
| | | | | **जम्मा** | **१८६** | **१५** | **५** | **१९६** | |

**४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः**

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | श्री शिशिर कुमार ढुङ्गाना | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री रामशरण पुडासैनी | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री धनीराम शर्मा | ४२११८०१ |
| ५. | वित्तीय संघीयता समन्वय महाशखा | सहसचिव श्री केदार प्रसाद पनेरु | ४२११३१६ |
| ६. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ७. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री रामेश्वर दंगाल | ४२११३१५ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री यम लाल भुसाल | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री पराश्वर ढुङ्गाना | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री झक्क प्रसाद आचार्य | ४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री बाबुराम भण्डारी | ४२११३०० |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

### (क) सूचना प्रदान गर्दा लिनु पर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदनमा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना प्रदान गर्दा निम्न अनुसार शुल्क लिइनेछ।
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
  - ✓ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन।
  - ✓ डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
  - ✓ कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
  - ✓ सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
  - ✓ प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।

- ✓ मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- ➢ नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ।
- ➢ कुनै बैकंमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ।
- ➢ सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- ➢ अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- ➢ **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
- • सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- ➢ **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
- • सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- ➢ मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- ➢ मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- ➢ माननीय अर्थ मन्त्रीस्तरबाट
- ➢ अर्थ सचिवस्तरबाट
- ➢ सचिव(राजस्व) स्तरबाट
- ➢ माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु।
- ➢ सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले।
- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**

(प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम)

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः**

(राष्ट्रिय सूचना आयोग)

# परिच्छेद - २

# अर्थ मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयहरु

## १. महालेखा नियन्त्रक कार्यालय

महालेखा नियन्त्रक कार्यालय संघीय सञ्चित कोष सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकाय हो। यस कार्यालयले नेपाल सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, आय र व्ययको लेखा राख्ने, विभाज्य कोषको संचालन गर्ने र सोको केन्द्रीय वार्षिक वित्तीय विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने जिम्मेवारी बहन गर्दै आएको छ। प्रदेश सरकार र स्थानीय तहको बार्षिक वित्तीय विवरणको आधारमा तीनै तहको एकीकृत वित्तीय विवरण (कन्सोलिडेटेड फाईनान्सिएल स्टेटमेन्ट) तयार गर्ने जिम्मेवारी समेत रहेको छ। यसका साथै निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुलउपर, आन्तरिक लेखापरीक्षण, सम्पत्ति तथा दायित्वको एकीकृत प्रतिवेदन र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन गर्दै आएको छ। हाल ७७ जिल्लामा ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयहरू (काठमाडौंमा थप ४ भुक्तानी केन्द्रसमेत), निवृत्तभरण व्यवस्थापन कार्यालय- १ र कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय- १ रहेका छन्।

**उद्देश्य**

- नेपाल सरकारको सञ्चित कोषको व्यवस्थापन गर्ने,
- नेपाल सरकारको वार्षिक आय-व्ययको लेखा राख्ने,
- तीनै तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने,
- बजेट कार्यान्वयनमा सहजीकरण गर्ने,
- निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुलउपर, आन्तरिक लेखापरीक्षण, सम्पत्ति तथा दायित्वको एकीकृत प्रतिवेदन तयारी लगायतका कार्य गर्ने।

**कार्यक्षेत्र**

- नेपालको संविधान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन गर्ने,
- संघीय सञ्चित कोषको लेखा अद्यावधिक राख्ने,
- सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने,
- सङ्घीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन राजस्व, धरौटी तथा अन्य कोषहरूसहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षक समक्ष पेश गर्ने,
- आर्थिक प्रशासनको सञ्चालन, निर्देशन र नियन्त्रण गर्ने,
- चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने,

- लेखाका मान्य सिद्धान्त, सो क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कोषको लेखाङ्कन तथा प्रतिवेदनको प्रक्रिया निर्धारण गर्ने,
- लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी महालेखा परीक्षकबाट स्वीकृत गराई लागू गर्ने,
- नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,
- नेपाल सरकारले बनाएको  नियमको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्ने र
- आर्थिक प्रशासन सञ्चालन गर्न लेखासँग सम्बन्धित जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने।

## संगठन संरचना




## आ.व. २०७६/७७ मा प्राप्त मूख्य उपलव्धी

- संघका केन्द्रीय निकायहरु र सातै प्रदेशवाट आ.व. २०७५/७६ को नेपाल सार्वजनिक क्षेत्र लेखामानमा (NPSAS) मा आधारित वित्तीय प्रतिवेदन तयार भएको र यसवाट अन्तर्राष्ट्रिय स्तरको लेखा मापदण्डमा आधारित भई प्रतिवेदन भईरहेको।
- तीनै तहका सरकारहरुको एकीकृत वित्तीय प्रतिवेदन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले तोकेको समय भित्रै तयार गरी महालेखापरीक्षक समक्ष पेश गरिएको।

- तीनै तहका सरकारको लागि लागू हुने गरी १४२ वटा सरकारी लेखा फारामहरु महालेखा परिक्षकवाट स्वीकृत भई पूर्ण रुपमा लागू भएका छन्।
- देशका सबै ७७ जिल्लाका ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयवाट विद्युतीय भुक्तानी प्रणालीवाट (Electronic Fund Transfer) बैंक खातामा रकम जम्मा गर्ने कार्य शुरु भएको छ। यसै गरी दश लाख रुपैयाँ सम्मको राजश्व विद्युतीय माध्यमवाटै वुझाउन सकिने व्यवस्था रहेको।
- स्वचालित सरकारी लेखांकन तथा प्रतिवेदन सूचना प्रणाली विकास गरी लागू गर्न अद्यावधिक CGAS, TSA, RMIS लगायतका प्रणालीहरु प्रयोगमा ल्याइएको। एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Integrated Financial Management Information System-IFMIS) लाई स्तरोन्नति गरिएको।
- सरकारी सम्पत्ति अभिलेखन तथा प्रतिवेदनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System-PAMS) तयार भएको।
- प्रदेश तहमा कोष व्यवस्थापनको लागि प्रदेश एकल खाता प्रणाली (PTSA) र राजश्व व्यवस्थापन प्रणाली (PRMIS) लागू भएको।
- स्थानीय तहको बजेट तर्जुमा, कोष व्यवस्थापन र लेखांकन तथा प्रतिवेदनको लागि "स्थानीय तह कोष व्यवस्थापन प्रणाली" (SuTRA) लागू भएको र SuTRA प्रणालीवाट ७४६ स्थानीय तहहरुले बजेट प्रविष्टी तथा ७२६ स्थानीय तहहरुले खर्च लेखाँङ्कन गरेको।

## २. आन्तरिक राजस्व विभाग

### पृष्ठभूमि

कर प्रणालीका तत्वहरू मध्ये प्रमुख रहेको कर प्रशासनलाई अझ बढी दक्ष, आधुनिक र प्रविधियोग्य बनाई मितव्ययी तवरबाट करदातालाई प्रदान गर्ने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्नका लागि आधुनिक कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, तथ्य एवं सूचनामा आधारित अनुसन्धान, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ साविकको कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी २०५८ सालमा आन्तरिक राजस्व विभागको गठन भएको हो। आन्तरिक राजस्व विभागले वित्तीय नीति अन्तर्गत कर नीतिको महत्वपूर्ण उपकरण मानिएको प्रत्यक्ष कर आयकर तथा अप्रत्यक्ष कर मूल्य अभिवृद्धि कर, अन्तःशुल्कसम्बन्धी कर नीति निर्माण र ती कर नीतिको कार्यान्वयन, प्रशासन तथा अनुगमन गर्दछ।

करदाताहरूको सेवामा जोड दिई करको परिपालना लागत (Compliance Cost) घटाउने प्रमुख अभिप्रायले यस विभागले विगत लामो समयदेखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाई विद्युतीय सुशासन समेत प्रयोगमा ल्याएको छ। आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सेवा प्रवाह जुन आफ्नै जनशक्ति र विद्यमान संरचनाले समेट्न सकिदैन, त्यस्ता कार्यहरू निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन हुँदै आएको छ।

करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ विभाग र मातहत कार्यालयहरूले आफ्ना गतिविधिहरू सोही तर्फ परिलक्षित गरी कार्य गर्दै आएका छन्, जसले गर्दा कर कानूनको परिपालनामा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य सघाउ पुग्ने अपेक्षा गरिएको छ।

**दीर्घकालीन सोच**

प्रगतिशील, समन्यायिक र लगानीमैत्री कर प्रशासन मार्फत औद्योगिक विकास र राजस्व परिचालन गर्ने।

**समग्र उद्देश्य**

समतामूलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने।

**विकासात्मक उद्देश्यहरू**

- कर सम्बन्धी नीतिगत सुधार,
- करदाता सेवा र शिक्षाको विस्तार,
- कर कानूनको पालनाको स्तर वृद्धिका लागि उपयुक्त संयन्त्रको विकास र परिचालन,
- आधुनिक प्रविधिको अधिकारिक मात्रामा उपयोग,
- सांगठनिक संरचना र प्रणालीको सुदृढीकरण।

**कार्यदिश**

- कर प्रशासन तथा सुधार,
- कर नीति तर्जुमा र कार्यान्वयन,
- करदाता सेवा र शिक्षा,
- अनुसन्धान र विकास,
- सूचना प्रविधि व्यवस्थापन।

**मूल्य मान्यताहरू**

- सदाचार
- व्यवसायिकता
- स्वच्छता
- सम्मान
- सहकार्य
- नवप्रवर्द्धन

**प्रमुख कार्य**

- करदाता सेवा,
- कर संकलन,
- कर फिर्ता,
- कर परीक्षण तथा अनुसन्धान,
- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू,
- नीति तर्जुमा र व्याख्या,
- अन्तर्राष्ट्रिय कर सम्बन्धी कार्यहरू,
- कानूनी राय र पुनरावेदनसम्बन्धी कार्यहरू,
- प्रशासकीय पुनरावलोकनसम्बन्धी कार्य,

- सहज सेवा तथा वित्तीय सूचनाको अभिलेखका लागि सूचना प्रणालीको विकास एवं प्रयोग, र
- संस्थागत सुधार, क्षमता विस्तार, आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा सामान्य प्रशासनसम्बन्धी कार्यहरू।

**विभागको कार्य प्रणाली**

करदाताको सेवा तथा कर संकलनमा बढोत्तरी ल्याउने अभिप्रायले विभाग तथा मातहत कार्यालयहरूले सम्पादन गर्ने कार्यहरूको प्रकृतिको आधारमा विभिन्न शाखा र कर्मचारीमा बाँडफाँड गरी सञ्चालन गरिने कार्यमूलक प्रणालीलाई आन्तरिक राजस्व विभागले अवलम्वन गर्दै आएको छ।

**सांगठनिक संरचना**

विभागले करदातामैत्री आधुनिक कर प्रशासनका लागि सम्पादन गर्नुपर्ने नीतिगत, कानूनी, व्यवस्थापकीय र कार्यसञ्चालन स्तरका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सम्पादन गर्नुपर्ने काम कारवाहीको विश्लेषण गरी कामको यथोचित विभाजनद्वारा कार्यमूलक प्रणालीका आधारमा कार्य सम्पादन गर्नका लागि विभिन्न महाशाखा तथा शाखाहरू रहने गरी संगठन संरचना स्वीकृत गरिएको छ। समग्र विभागको विभागीय प्रमुखको रूपमा महानिर्देशक रहने तथा प्रत्येक महाशाखाको नेतृत्व राजपत्रांकित प्रथम श्रेणी उपमहानिर्देशकले गर्ने व्यवस्था गरिएको छ भने प्रत्येक शाखाहरूको नेतृत्व राजपत्रांकित द्वितीय श्रेणीका निर्देशकहरूलाई तोकिएको छ। त्यसैगरी महानिर्देशक अन्तर्गत प्रशासकीय पुनरावलोकन शाखा र विभाग एवं कार्यालयहरूलाई आवश्यकताअनुसार परामर्श प्रदान गर्न विज्ञसमूह पनि रहने गरी सँगठन संरचना स्वीकृत गरिएको छ।

# आन्तरिक राजस्व विभागको संगठन संरचना



आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूको दरबन्दीको विवरण

| सि.नं. | कार्यालयको नाम | दरवन्दी |
|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | १२२ |
| २ | ठूला करदाता कार्यालय, ललितपुर | ७७ |
| ३ | मध्यमस्तरीय करदाता कार्यालय | ७७ |
| ४ | आन्तरिक राजस्व कार्यालय,भद्रपुर | २८ |
| ५ | आन्तरिक राजस्व कार्यालय, दमक | १८ |
| ६ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | २८ |
| ७ | आन्तरिक राजस्व कार्यालय,धरान | २७ |
| ८ | आन्तरिक राजस्व कार्यालय इटहरी | २४ |
| ९ | आन्तरिक राजस्व कार्यालय,लाहान | २६ |
| १० | आन्तरिक राजस्व कार्यालय,जनकपुर | ३१ |
| ११ | आन्तरिक राजस्व कार्यालय,सिमरा | ३० |
| १२ | आन्तरिक राजस्व कार्यालय, विरगन्ज | ३७ |
| १३ | आन्तरिक राजस्व कार्यालय,धुलिखेल | २१ |
| १४ | आन्तरिक राजस्व कार्यालय भक्तपुर | २९ |
| १५ | आन्तरिक राजस्व कार्यालय ललितपुर-१ | ३० |
| १६ | आन्तरिक राजस्व कार्यालय ललितपुर-२ | ३० |
| १७ | आन्तरिक राजस्व कार्यालय, टंगाल | २७ |
| १८ | आन्तरिक राजस्व कार्यालय, महाराजगंज | २८ |
| १९ | आन्तरिक राजस्व कार्यालय बालाजु | २८ |
| २० | आन्तरिक राजस्व कार्यालय कालीमाटी | २८ |
| २१ | आन्तरिक राजस्व कार्यालय कलंकी | २८ |
| २२ | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | २८ |
| २३ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | २८ |
| २४ | आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली | २८ |
| २५ | आन्तरिक राजस्व कार्यालय, चावहिल | २८ |
| २६ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | २८ |
| २७ | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | २८ |
| २८ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | २८ |
| २९ | आन्तरिक राजस्व कार्यालय, ठमेल | २८ |
| ३० | आन्तरिक राजस्व कार्यालय, जोरपाटी | २८ |
| ३१ | आन्तरिक राजस्व कार्यालय, हेटौडा | २४ |
| ३२ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ३७ |
| ३३ | आन्तरिक राजस्व कार्यालय, कावासोती | २२ |
| ३४ | आन्तरिक राजस्व कार्यालय,दमौली | २३ |
| ३५ | आन्तरिक राजस्व कार्यालय,बाग्लुङ | १८ |

| सि.नं. | कार्यालयको नाम | दरवन्दी |
|---|---|---|
| ३६ | आन्तरिक राजस्व कार्यालय,पोखरा | ३२ |
| ३७ | आन्तरिक राजस्व कार्यालय,भैरहवा | ३६ |
| ३८ | आन्तरिक राजस्व कार्यालय, बुटवल | ३२ |
| ३९ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | २५ |
| ४० | आन्तरिक राजस्व कार्यालय, दाङ | २३ |
| ४१ | आन्तरिक राजस्व कार्यालय, नेपालगंज | ३१ |
| ४२ | आन्तरिक राजस्व कार्यालय,सुर्खेत | १९ |
| ४३ | आन्तरिक राजस्व कार्यालय,जुम्ला | १८ |
| ४४ | आन्तरिक राजस्व कार्यालय, धनगढी | २५ |
| ४५ | आन्तरिक राजस्व कार्यालय,महेन्द्रनगर | २३ |
| ४६ | आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा | १७ |
| ४७ | करदाता सेवा कार्यालय इलाम | ९ |
| ४८ | करदाता सेवा कार्यालय फिदिम | ८ |
| ४९ | करदाता सेवा कार्यालय खादवारी | ८ |
| ५० | करदाता सेवा कार्यालय, भोजपुर | ६ |
| ५१ | करदाता सेवा कार्यालय धनकुटा | ९ |
| ५२ | करदाता सेवा कार्यालय, बिराटचोक | ८ |
| ५३ | करदाता सेवा कार्यालय, राजविराज | ८ |
| ५४ | करदाता सेवा कार्यालय, उदयपुर | ९ |
| ५५ | करदाता सेवा कार्यालय दिक्तेल | ८ |
| ५६ | करदाता सेवा कार्यालय, ओखलढुङ्गा | ६ |
| ५७ | करदाता सेवा कार्यालय, लुक्ला | ८ |
| ५८ | करदाता सेवा कार्यालय, बर्दिबास | ९ |
| ५९ | करदाता सेवा कार्यालय, जलेश्वर | ६ |
| ६० | करदाता सेवा कार्यालय, मलङ्गवा | ८ |
| ६१ | करदाता सेवा कार्यालय, लालवन्दी | ६ |
| ६२ | करदाता सेवा कार्यालय, कलैया | ६ |
| ६३ | करदाता सेवा कार्यालय, चन्द्रपुर | ६ |
| ६४ | करदाता सेवा कार्यालय, गौर | ९ |
| ६५ | करदाता सेवा कार्यालय, सिन्धुली | ६ |
| ६६ | करदाता सेवा कार्यालय, मन्थली | ६ |
| ६७ | करदाता सेवा कार्यालय, चरिकोट | ६ |
| ६८ | करदाता सेवा कार्यालय गल्छी | ८ |
| ६९ | करदाता सेवा कार्यालय, खैरहनी चितवन | ६ |
| ७० | करदाता सेवा कार्यालय, गोरखा | ६ |
| ७१ | करदाता सेवा कार्यालय, बेसीशहर | ६ |

| सि.नं. | कार्यालयको नाम | दरवन्दी |
|---|---|---|
| ७२ | करदाता सेवा कार्यालय, परासी | ६ |
| ७३ | करदाता सेवा कार्यालय, पुतलीवजार | ६ |
| ७४ | करदाता सेवा कार्यालय, कुश्मा | ६ |
| ७५ | करदाता सेवा कार्यालय,पाल्पा | ९ |
| ७६ | करदाता सेवा कार्यालय, तम्घास | ६ |
| ७७ | करदाता सेवा कार्यालय, तौलिहवा | ६ |
| ७८ | करदाता सेवा कार्यालय, चकचके-प्यूठान | ६ |
| ७९ | करदाता सेवा कार्यालय, सन्धिखर्क | ६ |
| ८० | करदाता सेवा कार्यालय, गुलरिया | ६ |
| ८१ | करदाता सेवा कार्यालय, श्रीनगर सल्यान | ६ |
| ८२ | करदाता सेवा कार्यालय लम्की | ८ |
| ८३ | करदाता सेवा कार्यालय, साँफेवगर अछाम | ६ |
| ८४ | करदाता सेवा कार्यालय, दिपायल | ६ |
| ८५ | करदाता सेवा कार्यालय, पथरी | ६ |
| | जम्मा | १७०१ |

*श्रोत : योजना तथा मानव संशाधन बिकास शाखा*

## ३. भन्सार विभाग

### पृष्ठभूमि

भन्सार प्रशासनलाई स्वच्छ, दक्ष, आधुनिक, मितव्ययी र प्रभावकारी बनाई नेपाल सरकारको राजस्व नीतिको कार्यान्वयन गरी राजस्व असुली गर्नुको साथै व्यापार सहजीकरणमा टेवा पुऱ्याउनु भन्सार विभागको मूलभूत उद्देश्य हो। भन्सार ऐन, २०६४ को प्रस्तावनामा उल्लेख भए अनुसार भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवम् उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवम् सहज बनाउन भन्सार विभाग क्रियाशील रहेको छ।

व्यापार सहजीकरणमा खासगरी व्यापारसँग सम्बद्ध नीतिहरूको सरलीकरण (Simplification) एकिकरण (Harmonization) र व्यापार प्रक्रिया (Business Process) मा सुधार, व्यापार सम्बन्धी नीति, भन्सार जाँचपास, सीमा व्यवस्थापन, पूर्वाधार तथा परिवहन र SPS (Sanitary Phyto-Sanitary) र TBT (Technical Barrier on Trade) जस्ता सहजीकरणका औजारहरूको माध्यामबाट व्यापारमा लाग्ने लागत र समय (Doing Business Cost and Time) लाई घटाउने भन्सार प्रशासनको उद्देश्य हो। यसका लागि भन्सार सुधार तथा आधुनिकीकरणको पाँचौ चरणको चारवर्षीय रणनीति (२०७४–२०७८) कार्यान्वयनमा रहेको छ।

### कार्य

सिद्धान्ततः भन्सार विभागले मालवस्तुको निकासी पैठारीसम्बन्धी भन्सार जाँचपास र भन्सार सम्बन्धी सेवा प्रवाह सम्बन्धी कार्य गर्दै आईरहेको छ। यी दुवै प्रकारका जिम्मेवारी पूरा गर्न भन्सार विभागले सम्पादन गर्ने कार्य देहाय बमोजिम रहेका छन्:

- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- अन्तर्राष्ट्रिय ब्यापार सहजीकरण गर्ने,
- अन्तर्राष्ट्रिय व्यापार मार्फत न्यायपूर्ण र यथार्थ राजस्व सङ्कलन गर्ने,
- महसुल सम्बन्धी कार्य र सो सम्बन्धी पुनरावलोकन सुन्ने तथा प्रक्रियागत निर्णय गर्ने,
- कानून बमोजिम भन्सार महसुल छुट दिने,
- वस्तु वर्गीकरणमा द्विविधा परेका वस्तुको वर्गीकरणको टुंगो लगाउने,
- भन्सार एजेन्टको नियुक्ति, एजेण्टको इजाजतपत्र नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार मूल्याङ्कन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- मूल्याङ्कन सम्बन्धी विषय पुनरावलोकनका लागि निर्देशन दिने,
- छनौटका आधारमा जाँचपास पछिको परीक्षण गराउने,
- मुद्दा तथा लिलामी सम्बन्धी भन्सार कार्यालयको कार्यको अनुगमन, निर्देशन र समन्वय गर्ने,
- वण्डेड र बैङ्क ग्यारेण्टीको सुविधा प्रदान गर्नुका साथै सोको अनुगमन गर्ने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- भन्सार प्रशासनलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न योजना बनाउने,
- राजस्वको दैनिक, मासिक र वार्षिक अभिलेख अद्यावधिक गर्ने,
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्याङ्क तयार गर्ने,
- रासायनिक पदार्थहरूको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी मित्रराष्ट्रहरू भारत र चीनका भन्सार अधिकारीहरूबीच अन्तर भन्सार समन्वय गर्ने,
- विश्व भन्सार संगठन र व्यापार सम्बद्ध अन्य अन्तर्राष्ट्रिय संगठनसँग समन्वय र सहकार्य गर्ने,
- स्थानीय भन्सार कार्यालयको नियमित सुपरिवेक्षण र निरीक्षण गर्ने,
- विभाग र कार्यालयको बजेट तर्जुमा, निकासा र बाँडफाँड गर्ने।

**रणनीतिक उद्देश्य**

भन्सार विभागको निमित्त निर्दिष्ट गरिएका उपर्युक्त कार्यहरू सम्पादन गर्न विभागले आवधिक चार वर्षीय भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। विभागले तर्जुमा गरेको उक्त रणनीति अनुसार निम्नानुसारका रणनीतिक उद्देश्यहरू रहेका छन्।

रणनीति १: अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्ने,

रणनीति २: सदाचार र सुशासन प्रवर्धन गर्ने,

रणनीति ३: भन्सार स्वचालन र तथ्याङ्क भण्डारण व्यवस्थापनमा जोड,

रणनीति ४: जनशक्ति व्यवस्थापन क्षमता सुदृढ गर्ने,

रणनीति ५: पूर्वाधार तथा भौतिक सुविधा विकास गर्ने,

रणनीति ६: यात्रु व्यागेज जाँचपास सेवामा सुधार गर्ने,

रणनीति ७: न्यायपूर्ण एवं यथार्थ राजस्व संकलन गर्ने,

रणनीति ८: अनुपालन व्यवस्थापन स्वेच्छिक अनुपालन सुदृढ गर्ने,

रणनीति ९: जोखिम व्यवस्थापन गर्ने,

रणनीति १०: समाजको संरक्षण प्रतिरक्षा र सुरक्षा गर्ने,

रणनीति ११: समन्वयात्मक सीमा व्यवस्थापन सुव्यवस्थित गर्ने।

**संगठन संरचना**

विभाग र मातहतका निकायहरूको जनशक्तिको व्यवस्थापन र कार्य सञ्चालनका लागि निम्नानुसार संगठन संरचना स्वीकृत भै लागू भएको छ। नेपाल सरकार, मन्त्रिपरिषद को मिति २०७६।०९।२१ को निर्णयानुसार स्वीकृत संरचना अनुसार हाल विभागले आफ्नो भूमिका निर्वाह गरिरहेको छ।

नेपालमा हाल भन्सार विभाग अन्तरगत ३८ वटा मूल भन्सार कार्यालयहरू र एक भन्सार जाँचपास परीक्षण कार्यालय रहेको छ। यी ३८ वटा मूल भन्सार कार्यालयहरू अन्तरगत १३३ छोटी भन्सार कार्यालयहरू रहेका छन्। मूल भन्सार कार्यालयहरू मध्ये काठमाडौंमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय र रुपन्देहीमा गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय बाहेक दक्षिणी सीमामा २७ वटा मूल भन्सार कार्यालयहरू अवस्थित छन् भने उत्तरी सीमामा ९ वटा मूल भन्सार कार्यालयहरू अवस्थित छन्। प्रादेशिक स्तरमा प्रदेश १ मा ७ वटा मूल भन्सार कार्यालय, प्रदेश २ मा ९ वटा मूल भन्सार कार्यालय, बाग्मती प्रदेशमा भन्सार विभाग, भन्सार जाँचपास परीक्षण कार्यालय र ४ वटा मूल भन्सार कार्यालय, गण्डकी प्रदेशमा ३ वटा मूल भन्सार कार्यालय, प्रदेश ५ मा ८ वटा मूल भन्सार कार्यालय, कर्णाली प्रदेशमा २ वटा मूल भन्सार कार्यालय र सुदूर पश्चिम प्रदेशमा ५ वटा मूल भन्सार कार्यालयहरू रहेका छन्। प्रादेशिक स्तरमा प्रदेश १ र गण्डकी प्रदेशमा भारत र चीन दुबैतर्फ भन्सार नाका रहेका छन्, प्रदेश २, प्रदेश ५ र सुदुर प्रदेशमा भारततर्फमात्र भन्सार नाका रहेका छन् भने बाग्मती प्रदेश र कर्णाली प्रदेशमा चीनतर्फ नाकामात्र रहेका छन्। नेपालमा व्यापारको स्वरुप र कार्यबोझ एवम् यात्रुहरूको आवतजावत अनुसार यी तीनै प्रकारका भन्सार कार्यालयहरूको कार्य प्रकृतिमा केही भिन्नता पाइन्छ भने सीमावर्ती भन्सार कार्यालयहरूमा पनि उत्तरी, दक्षिणी तथा रेल्वेमा आधारित भन्सारका कार्य प्रक्रियाहरूमा भिन्नता पाइन्छ। यसरी स्थापित भन्सार कार्यालयहरूलाई सोही अनुरुप वर्गीकरण गरी तिनीहरूको उत्तरदायित्व एवम् सङ्गठनात्मक स्वरुप, जिम्मेवारी र कार्यक्षेत्र स्वीकृत भै सञ्चालनमा रहेका छन्।

भन्सार विभागको संगठन संरचना




## भन्सार विभाग अन्तर्गतका कार्यालयको दरबन्दीको विवरण

| सि.नं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी |
|---|---|---|
| १ | भन्सार विभाग | ११२ |
| २ | पशुपतिनगर भन्सार कार्यालय | २० |
| ३ | मेची भन्सार कार्यालय | ४९ |
| ४ | भद्रपुर भन्सार कार्यालय | २० |
| ५ | विराटनगर भन्सार कार्यालय | ६० |
| ६ | सुनसरी भन्सार कार्यालय | २४ |
| ७ | राजविराज भन्सार कार्यालय | २२ |
| ८ | सिरहा भन्सार कार्यालय | २१ |
| ९ | ठाडी भन्सार कार्यालय | १९ |
| १० | जनकपुर भन्सार कार्यालय | ३७ |
| ११ | जलेश्वर भन्सार कार्यालय | २९ |
| १२ | सर्लाही भन्सार कार्यालय | २४ |
| १३ | गौर भन्सार कार्यालय | २२ |
| १४ | वीरगन्ज भन्सार कार्यालय | ८१ |
| १५ | सुक्खा बन्दरगाह भन्सार कार्यालय | ३० |
| १६ | त्रि.वि. स्थल भन्सार कार्यालय | १४६ |

| सि.नं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी |
|---|---|---|
| १७ | तातोपानी भन्सार कार्यालय | ३७ |
| १८ | महेशपुर भन्सार कार्यालय | १९ |
| १९ | त्रिवेणी भन्सार कार्यालय | ११ |
| २० | भैरहवा भन्सार कार्यालय | ६६ |
| २१ | गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय | ३३ |
| २२ | सुठौली भन्सार कार्यालय | १८ |
| २३ | कृष्णनगर भन्सार कार्यालय | ३१ |
| २४ | कोइलावास भन्सार कार्यालय | ७ |
| २५ | नेपालगन्ज भन्सार कार्यालय | ४२ |
| २६ | राजापुर भन्सार कार्यालय | २२ |
| २७ | कैलाली भन्सार कार्यालय | ४१ |
| २८ | सति भन्सार कार्यालय | १८ |
| २९ | कन्चनपुर भन्सार कार्यालय | २७ |
| ३० | महाकाली भन्सार कार्यालय | ११ |
| ३१ | दार्चुला भन्सार कार्यालय | ७ |
| ३२ | ओलाङ्चुङ्गोला भन्सार कार्यालय | ४ |
| ३३ | किमाथाङ्का भन्सार कार्यालय | ९ |
| ३४ | लामावगर भन्सार कार्यालय | ४ |
| ३५ | रसुवा भन्सार कार्यालय | ४१ |
| ३६ | यारीनाका भन्सार कार्यालय | ४ |
| ३७ | मुगु भन्सार कार्यालय | ४ |
| ३८ | लार्के भन्सार कार्यालय | ४ |
| ३९ | मुस्ताङ्ग भन्सार कार्यालय | ९ |
| ४० | भन्सार जाँचपास परीक्षण कार्यालय | ४३ |
| | **जम्मा** | **१२२८** |

*श्रोत : सामान्य प्रशासन तथा जनशक्ति बिकास शाखा*

**भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालय**

नेपाल र भारतबीचको व्यापार सन्धिले २७ वटा नाकाहरूलाई द्विपक्षीय व्यापार नाकाका रुपमा स्वीकृत गरेको छ। यी स्वीकृत नाकाहरूमा नेपालतर्फ भिस्वा र गुलरिया हालसम्म पनि छोटी भन्सारको स्तरमा नै रहेका छन्। नेपाल र भारतबीचको व्यापार सन्धि भित्र परेको साविकका छोटी भन्सार कार्यालय दार्चुलालाई हालै मूल भन्सारमा स्तरोन्नती गरी सकिएको छ। यस बाहेक व्यापार सन्धिमा नपरेका त्रिवेणी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय समेत मूल भन्सारमा कायम गरिएका छन्। यसरी, नेपाल र भारतबीचको व्यापार सन्धिमा स्वीकृत नाका २७ वटा मध्ये त्रिवेणी र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल मूल भन्सारमा स्तरोन्नती भएता पनि हालसम्म पनि नेपाल र भारतबीचको व्यापार सन्धिभित्र नाकाको रुपमा समावेश भएका छैनन्। नेपाल र भारतबीचको पारवहन सम्झौताबाट नेपाललाई तेश्रो

मुलुकसँगको व्यापारका लागि कलकत्ता, हल्दिया बन्दरगाह, भिसाखापट्नम बन्दरगाह र फूलबारी(भारत),बंगलाबन्ध(बंगलादेश) स्थलमार्ग उपलब्ध छन् ।

**उत्तरी सीमास्थित मूल र छोटी भन्सार कार्यालय**

नेपाल र जनबादी गणतन्त्र चीन बीच सम्पन्न व्यापार एवम भुक्तानी सम्झौताले नेपाल चीन बीच द्विपक्षीय व्यपारका लागि छ वटा नाका स्वीकृत गरेको छ। नेपाल र जनबादी गणतन्त्र चीन बीच सम्पन्न बन्दरगाह व्यवस्थापन सम्बन्धी सम्झौता २०१२ ले स्वीकृत छ वटा नाकाहरू मध्ये तीनवटा नाकाहरू यारी र पुलान, रसुवा र जिलोङ एवम् कोदारी र जाङ्ममुलाई अन्तरराष्ट्रिय व्यापारको लागि समेत उपयोग गर्न सक्ने नाका र बाँकी तीन नाकाहरू नेचुङ र लिजी, ओलाङचुङगोला र रियु, तथा किमाथान्का र छेन्ताङलाई द्विपक्षीय व्यापार गर्ने नाकाका रुपमा स्थापित गरेको छ।

नेपाल र चीनबीच सम्पन्न पारवहन यातायात सम्झौता २०१६ र तत्सम्बन्धी प्रोटोकल २०१८ ले समुद्रसम्मको पँहुचका लागि चारवटा सामुद्रिक बन्दरगाहहरू (Tianjin, Shenzhen, Lianyungang and Zhanjiang) र तीनवटा सुक्खा बन्दरगाहहरू (Lanzhou, Lhasa and Xigatse) उपलब्ध गराएको छ।

**भन्सार जाँचपास परीक्षण कार्यालय**

भन्सार जाँचपासमा सुधार तथा नियन्त्रणको महत्वपूर्ण औजारको रुपमा भन्सार जाँचपास परीक्षण (Post Clearance Audit) विश्वव्यापी रुपमा अंगालिएको विषय हो। संशोधित क्योटो अभिसन्धि बमोजिम जाँचपास कार्य छिटो छरितो र सरल बनाउने तथा पैठारीकर्तालाई बढी जिम्मेवार बनाउँदै सहभागिताको स्तर अभिवृद्धि मार्फत जाँचपास कार्यलाई छनौट प्रणालीमा आधारित गर्न जरुरी छ।

यसै सन्दर्भमा विगतमा भन्सार विभागको मूल्याङ्कन शाखाबाट जाँचपास पछिको परीक्षण गर्रिंदै आएकोमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६६ साल असोज ४ गतेको निर्णयबाट काठमाडौंमा मुकाम रहने गरी भन्सार जाँचपास पछिको परीक्षण कार्यालयको स्थापना भएको हो। हाल यस कार्यालयमा २९ जना कर्मचारीको दरवन्दी रहेको छ। नेपाल सरकारको सोही निर्णयानुसार यस कार्यालयले नेपाल भरीका भन्सार बिन्दुबाट पैठारी भएका मालवस्तुहरूको जाँचपास भएको ४ वर्षसम्म लेखा तथा कागजात परीक्षण गर्न सक्ने गरी जाँचपास पछिको परिक्षण ( Post Clearance Audit ) गर्दै आएको छ।

## ४. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र नेपाल सरकारको राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत कर्मचारीलाई दक्ष र सीपयुक्त बनाउन, समसामयिक विषयमा अन्तरक्रिया, गोष्ठी र कार्यशाला आयोजना तथा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले २०३७ फाल्गुण २९ गते अर्थ मन्त्रालय अन्तर्गत राजस्व प्रशासन तालिम केन्द्रको रुपमा स्थापना भएको विशिष्ट संस्था हो।

केन्द्र आर्थिक प्रशासनसँग सम्बन्धित जनशक्तिको पेशागत दक्षता अभिवृद्धि तथा आर्थिक क्षेत्रका समसामयिक विषयमा अध्ययन अनुसन्धान, सूचना प्रवाह तथा परामर्श सेवा प्रदान गर्ने एक विशिष्ट संस्था हो। केन्द्रलाई आर्थिक प्रशासनका कार्यरत जनशक्तिको क्षमता विकास, यस क्षेत्रको अध्ययन अनुसन्धान र परामर्श दिनुका साथै समग्र वित्तीय संघीयता कार्यान्वयनको नेतृत्वदायी विशिष्ठ संस्थाको रुपमा विकास गरिनुपर्छ भन्ने रुपान्तरणकारी सोचसँगै नेपाल सरकारको (मं.प.) मिति २०७५ बैशाख

४ गतेको निर्णयबाट साविकको राजस्व प्रशासन तालिम केन्द्रलाई सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा रुपान्तरण गरेको हो।

**दृष्टिकोण**

- आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि र स्रोतको समुचित व्यवस्थापन गर्न राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरूलाई सक्षम र सबल बनाउने।

**लक्ष्य**

- तालिम, शिक्षा, अध्ययन अनुसन्धान, गोष्ठी, परामर्श र अन्तरक्रियाको माध्यमबाट राजस्व तथा आर्थिक प्रशासनको क्षेत्रमा पेशागत र संस्थागत दक्षता अभिवृद्धिको अवसर सिर्जना गर्ने।

**उद्देश्य**

- राजस्व र आर्थिक प्रशासनका कर्मचारीलाई दक्ष र सीपयुक्त बनाउने,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया गोष्ठी र कार्यशाला गर्ने,
- आर्थिक तथा राजस्वका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने।

**रणनैतिक लक्ष्यहरू**

- केन्द्रलाई विशेष गरेर राजस्व प्रशासन र आर्थिक प्रशासनसँग सम्बन्धित जनशक्तिको पेशागत दक्षता अभिवृद्धि गर्ने,
- राजस्व तथा आर्थिक क्षेत्रका समसामयिक विषयहरूमा अध्ययन अनुसन्धान, सूचना प्रवाह तथा परामर्श सेवा प्रदान गर्ने एक विशिष्ठ संस्था (Center for Excellence) को रुपमा विकास गर्ने।

**दरवन्दी संरचना**

| पद | श्रेणी | सेवा | समूह | दरवन्दी संख्या |
|---|---|---|---|---|
| तालिम प्रमुख | रा.प.प्रथम | नेपाल प्रशासन | - | १ |
| बरिष्ठ प्रशिक्षक | रा.प.द्धितीय | नेपाल प्रशासन | राजस्व | ४ |
| बरिष्ठ प्रशिक्षक | रा.प.द्धितीय | नेपाल प्रशासन | लेखा | ४ |
| प्रशिक्षक | रा.प.तृतीय | नेपाल प्रशासन | राजस्व | ६ |
| प्रशिक्षक | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | ४ |
| शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | - | १ |
| लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ |
| नेपाल सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | राजस्व | २ |
| लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| पुस्तकालय सहायक | रा.प.अनं. प्रथम | नेपाल शिक्षा | पु.वि. | १ |
| खरिदार | रा.प.अनं. द्धियीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| हलुका सवारी चालक | श्रेणी विहिन | - | - | २ |
| कार्यालय सहयोगी | श्रेणी विहिन | - | - | ८ |
| | | | | ३७ |

# ५. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

## परिचय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०३।२० को निर्णयले सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्ने उद्देश्यले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संगठन संरचना स्वीकृत भइ सम्वत् २०७५।०९।११ देखि सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना भई सञ्चालनमा आएको छ। २०७७ साउन १ गते देखि यस कार्यालयले Debt Operation and Management System-DOMS संचालनमा ल्याएको वाह्य ऋणको भुक्तानी यही प्रणालीमार्फत गर्न शुरु गरिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले देशको आर्थिक-सामाजिक विकासको लागि आवश्यक ऋण रकमको आँकलन, ऋण प्राप्तिको स्रोत निर्धारण, ऋण प्राप्ति, अभिलेखाङ्कन, उपयोग, ऋण भुक्तानी, ऋणको दिगोपन विश्लेषण लगायतका कार्यहरु गर्दै आएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मूलतः निम्न प्रकृतिका कार्यहरू पर्दछन्ः

## क. अग्रभागका कार्यहरू

यसमा स्वीकृत ऋण नीति र कानुनको अधिनमा रही कोष परिचालनको काम पर्दछ। यस अन्तर्गत संचालन सम्बन्धी कार्यहरू जस्तैः ऋण सम्झौताहरू गर्ने, जमानतहरू (ग्यारेन्टी) जारी गर्ने र सरकारी ऋण पत्रहरू (Securities) गर्ने कार्यहरू पर्दछन्। यसको मूलभूत उदेश्य सरकारले लिने ऋणको लागत कम गर्नु र जोखिम कम गर्नु हो।

## ख .मध्यभागका कार्यहरू

यस अन्तर्गत सरकारको Financing Need र Debt Service Obligation बारे सूचना प्राप्त हुने कार्यहरूको कार्यसम्पादन अनुगमन गर्ने काम यसमा पर्दछ।

## ग .पृष्ठभागका कार्यहरू

पृष्ठ-भागका कार्यहरूमा ऋण (Debt Portfolio) को एकीकृत डाटावेस तयार गर्ने कार्य पर्दछ। सार्वजनिक ऋणको हिसाव फरफारक, भुक्तानी र प्रतिवेदन यस कार्यमा पर्दछन्। पूर्ण, सहि र निरन्तरता सहित (Consistent) को तथ्याङ्क यसमा रहनु पर्दछ। आन्तरिक र वाह्य ऋण भुक्तानीको प्रक्षेपण, लेखाङ्कन, अभिलेख र प्रतिवेदनका कार्यहरू यसमा पर्दछन्।

सार्वजनिक ऋण व्यवस्थापनको कार्य विभिन्न संस्थाहरूमा छरिएको र ऋण व्यवस्थापनको लागि एउटा एकीकृत संस्था नभएकोले सार्वजनिक ऋण सम्वन्धी रणनीति निर्माण र कार्यान्वयनमा कमी-कमजोरीहरू रहेको सन्दर्भमा नेपालमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको हो।

## संगठन संरचना

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सङ्गठनात्मक संरचना निम्नानुसार रहेको छ।




नेपाल सरकारको संघ, प्रदेश र स्थानीय तहले लिने आन्तरिक तथा वैदेशिक ऋणको व्यवस्थापन गर्ने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेको छ।

## सार्वजनिक ऋणको प्रक्षेपण

नेपाल सरकारको प्रक्षेपित आय व्यय र आर्थिक अवस्थाको विश्लेषण गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल राष्ट्र वैंकसंगको समन्वयमा प्रत्येक वर्ष उठाउन सकिने सार्वजनिक ऋणको आवश्यकता प्रक्षेपण गरी अर्थ मन्त्रालयमा सुझाव पेश गर्ने।

## सार्वजनिक ऋणको नीति तर्जुमा

- सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने,
- सार्वजनिक ऋण सम्वन्धी कानून तर्जुमा वा अद्यावधिक गर्न आवश्यक विषय वस्तु तयारी गरी अर्थ मन्त्रालयमा पेश गर्ने,
- सार्वजनिक ऋणको परिचालन गर्ने क्षेत्र पहिचान गरी अर्थ मन्त्रालयमा सुझाव पेश गर्ने।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र अन्तर सरकारी वित्तीय महाशाखासँग समन्वय गरी प्रदेश तथा स्थानीय तहको सार्वजनिक ऋणको सीमा तथा परिचालनका क्षेत्र सम्बन्धी सुझाव दिने।

## आन्तरिक ऋण व्यवस्थापन

- आन्तरिक ऋण निष्काशन गर्ने सम्वन्धमा निष्काशन तथा वोलकवोल तालिका अर्थ मन्त्रालयबाट स्वीकृत गराइ कार्यान्वयन गर्ने,

- आन्तरिक ऋण प्राप्त गर्न सरकारी ऋणपत्रहरूको निष्काशन गर्ने, वोलकवोल गराउने तथा रकम प्राप्त गर्ने,
- प्राप्त रकम नेपाल सरकारको ऋण खातामा जम्मा गर्ने/गराउने
- ऋणको सांवा तथा व्याज रकम भुक्तानी गर्ने व्यवस्था गर्ने /गराउने, हिसावमिलान गर्ने
- निष्काशन भएका ऋणपत्रहरूको अभिलेख राख्ने
- ऋणपत्रको प्रमाणपत्र तयार गरी वितरण गर्ने, आवश्यकता अनुसार नामसारी (ऋणपत्रको धनीको नाम परिवर्तन), एकीकरण, खण्डीकरण, प्रमाणीकरण तथा मृत्यु नामसारी आदि गर्ने।

## वैदेशिक ऋण व्यवस्थापन

- वैदेशिक ऋण स्वीकार गर्ने सम्वन्धमा अर्थ मन्त्रालयलाइ पृष्ठपोषण उपलब्ध गराउने,
- ऋण सम्झौता अनुसार वैदेशिक ऋणको साँवा, ब्याज तथा अन्य शुल्क भुक्तानी गर्ने, हिसावमिलान गर्ने
- वैदेशिक ऋणको अभिलेख तथा लेखा दुरुस्त राख्ने।

## शेयर तथा ऋण लगानी

- नेपाल सरकारको तर्फबाट सार्वजनिक संघ/संस्थानमा सहायक ऋण सम्झौता (Subsidiary loan Agreement) गरी ऋण लगानी गर्ने,
- नेपाल सरकारको तर्फबाट शेयर तथा ऋण लगानी सम्वन्धी काम गर्ने,
- सहायक ऋण सम्झौता गरी नेपाल सरकारको तर्फबाट गरिएको शेयर तथा ऋण लगानीको अभिलेख तथा लेखा दुरुस्त राख्ने र हिसावमिलान गर्ने,
- सम्झौतामा उल्लेखित शर्त बमोजिम ऋण लगानीबाट प्राप्त हुने ब्याजको गणना गर्ने, भाखा नाघेका ऋण तथा ब्याजको हिसाब गरी लेखाङ्कन तथा प्रतिवेदन गर्ने,
- शेयरको प्रतिफलस्वरूप नेपाल सरकारलाई प्राप्त हुने बोनस शेयर प्राप्त गरी अभिलेख अद्यावधिक गर्ने तथा लाभांश वितरणबाट प्राप्त हुने राजस्व सम्वन्धीत खातामा दाखिला गरी लेखांकन गर्ने,
- शेयरको रूपमा गरिएको लगानीको प्रमाणपत्र प्राप्त गरी अभिलेख अद्यावधिक गरी राख्ने,
- वैदेशिक ऋण सम्झौता तथा सहायक ऋण सम्झौताबाट गरिएको लगानी सम्बन्धी सम्झौता तथा तमसुकको अभिलेख खडा गर्ने र अद्यावधिक गर्ने।

## ऋणपत्रको दोस्रो वजार कारोवारको व्यवस्थापन

- प्राथमिक बजार निर्माताको व्यवस्था गर्ने,
- सरकारी ऋणपत्रको दोस्रो बजारको सञ्चालन एवं प्रवर्द्धन गर्न सहयोग गर्ने,
- साँवा तथा व्याजको भुक्तानी कमिसन उपलब्ध गराउने।

## सरकारी जमानतको अभिलेख राख्ने

- सम्झौतामा उल्लेखित दर अनुसार जमानती कमिसन असुल गर्ने एवं जमानत सम्बन्धी सम्झौताहरू प्राप्त गरी अद्यावधिक रूपले राख्ने।

**जनशक्ति व्यवस्थापन**

नेपाल सरकारले स्वीकृत गरेको संगठन संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको नेतृत्वमा १३ जना अधिकृत तहका, १० जना सहायक तहका र अन्य सहयोगी कर्मचारी गरी ३३ जनाको दरवन्दी नेपाल सरकारवाट स्वीकृत भएको छ। अन्य ३ जना विशेषज्ञहरू नेपाल राष्ट्र बैंकवाट काजमा खटाउने र एक जना ऋण व्यवस्थापन विशेषज्ञको सेवा परामर्शदाताको रुपमा राख्न सकिने व्यवस्था रहेको छ। हाल २१ जना कर्मचारीहरू कार्यालयमा कार्यरत छन्।

**विद्यमान तथा प्रस्तावित दरवन्दी तेरिजको विवरण**

| क्र.सं. | पदको नाम | सेवा | संख्या |
|---|---|---|---|
| १ | सह सचिव | प्रशासन/रा.प.प्रथम | १ |
| २ | उप सचिव | प्रशासन/राजस्व/रा.प.द्वितीय | २ |
| ३ | उप सचिव | प्रशासन/लेखा | २ |
| ४ | बरिष्ठ तथ्याङ्कशास्त्री | योजना तथ्याङ्क/तथ्याङ्क | १ |
| ५ | शाखा अधिकृत | प्रशासन /सामान्य प्रशासन | १ |
| ६ | शाखा अधिकृत | प्रशासन/राजश्व | १ |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | ४ |
| ८ | कम्प्युटर इन्जिनियर | विविध | १ |
| ९ | नायव सुब्बा | प्रशासन/सामान्य प्रशासन | २ |
| १० | नायव सुब्बा | प्रशासन/राजश्व | २ |
| ११ | लेखापाल | प्रशासन/लेखा | १ |
| १२ | कम्प्युटर अपरेटर | विविध | २ |
| १३ | हलुका सवारी चालक | | ३ |
| १४ | कार्यालय सहयोगी/ पाले | | ७ |
| | | जम्मा | **३३** |

## ६. ऋण असुली न्यायाधिकरण

### पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थामा उल्लेख्य रुपमा निष्कृय कर्जा रहेको तत्कालीन परिस्थितिमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुल उपर गराई दिने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो ऐन अन्तर्गत बनेको बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी नियमावली, २०५९ जारी भई कार्यान्वयनमा आएका छन्। यो ऐन आउनु पूर्व बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको कारवाही र किनारा सामान्य अदालतबाट हुने गरेकोमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८ लागू भएपश्चात् विशिष्टिकृत न्यायिक निकायको रुपमा २०६० साल साउन १ गते ऋण असुली न्यायाधिकरणको स्थापना र गठन भएको हो।

**न्यायाधिकरणसम्बन्धी व्यवस्था**

नेपालको संविधानको धारा, १५२ को उपधारा (१) मा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघिय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। यसै संविधानिक व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमावली, २०५९ लागू भई मिति २०६०।४।१ देखि यस ऋण असुली न्यायाधिकरणले बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्ने गरेको छ।

**न्यायाधिकरणको स्थापना र गठन**

मुलुकमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो छरितो ढङ्गबाट कारवाही तथा किनारा गरी बैंक तथा वित्तीय संस्थाको ऋणीबाट लिनु पर्ने साँवा र व्याज रकम असुल उपर गर्ने प्रयोजनका लागि जारी भएको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ४ बमोजिम ऋण असुली न्यायाधिकरणको स्थापना भएको हो। उल्लिखित व्यवस्थाको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा मिति २०६०।०३।०२ मा सूचना प्रकाशित गरी यस न्यायाधिकरणको मुकाम काठमाडौंमा रहने गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गतका नेपालभरका मुद्दाहरूको शुरु कारवाही र किनारा गर्ने अधिकार यस न्यायाधिकरणलाई तोकिदिएको छ। न्यायाधिकरणमा कानून सदस्य, बैंकिङ्ग सदस्य र लेखा सदस्य गरी ३ जना सदस्यहरू रहने र कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुने व्यवस्था उल्लिखित ऐनमा रहेको छ। न्यायाधिकरणको कार्य बोझको आधारमा नेपाल सरकारले न्यायाधिकरणको सदस्य संख्या तथा इजलास थप गर्न समेत सक्ने व्यवस्था रहेको छ।

**न्यायाधिकरणको क्षेत्राधिकार**

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ मा देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको लागि ऐनको व्यवस्था लागू हुने व्यवस्था गरिएको छः-

(क) कृषि विकास बैंक ऐन, २०२४ बमोजिम स्थापना भएको कृषि विकास बैंक।

(ख) वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैंक।

(ग) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरू।

माथि उल्लिखित बैंक तथा वित्तीय संस्थाको हकमा ऐनको व्यवस्था लागू हुने उल्लेख गरिएकोमा उल्लिखित ऐनहरूलाई खारेज गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भई सकेपश्चात् सो ऐन बमोजिम वर्गीकृत 'क' वर्गका वाणिज्य बैंकहरू 'ख' वर्गका विकास बैक र 'ग' वर्गका फाइनान्स कम्पनीको ऋण असुली सम्बन्धी मुद्दाहरूको कारवाही र किनारा यस न्यायाधिकरणबाट हुँदै आएको छ। त्यस्तै गरी पाँच लाख रुपैयाँ भन्दा कम साँवा रकम भएको ऋण असुली सम्बन्धी मुद्दाको कारवाहीमा यस न्यायाधिकरणको क्षेत्राधिकार नरहने समेत व्यवस्था गरेको छ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४ ले न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकारभित्र पर्ने बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली सम्बन्धी मुद्दाहरूको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ।

न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिकरुपमा गर्ने र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिने व्यवस्था रहेकोछ। कानून सदस्य सहित दुई जनाको उपस्थिति भएमा

मुद्दाको कारवाही र किनारा गर्न सकिन्छ भने कानून सदस्य बाहेक अन्य दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णय गर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिने व्यवस्था छ।

**उजूरी निवेदन सम्बन्धी व्यवस्था**

ऋण असुलीका लागि न्यायाधिकरणमा उजूरी निवेदन दिनु अघि सम्बन्धित बैंक वा वित्तीय संस्थाले ऋण असुल गर्ने सम्बन्धमा ऋणीसंग ऋण फछ्र्यौट गर्न गराउन यथेष्ठ छलफल तथा क्रियाकलाप गरेको हुनु पर्ने र ऋण असुली सम्बन्धमा पर्याप्त कारवाही गर्दा समेत ऋण असुल हुन नसकेमा मात्र न्यायाधिकरणमा उजूरी निवेदन दिन सकिने व्यवस्था रहेको छ। त्यस्तो उजूरी निवेदन कर्जाको भाखा नाघेको मितिले चार वर्षभित्र दिनु पर्ने हुन्छ।

उजूरी निवेदन साथ बैंक वा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेहुन्छ। उजूरी निवेदन दर्ता भएपछि न्यायाधिकरणबाट मुद्दाका प्रतिवादीलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न प्रतिवादीहरूको नाममा १५ दिनको म्याद जारी गर्ने व्यवस्था रहेको छ।

**अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था**

बैंक वा वित्तीय संस्थाको ऋण असुली ऐनको दफा १६ को उपदफा (१) बमोजिम न्यायाधिकरणमा विचाराधीन रहेको कुनै पनि मुद्दामा ऋण लिने सिलसिलामा सुरक्षणको लागि राखिएको धितो वा ऋणीको/जमानीकर्ताको स्वामित्वमा वा कब्जामा रहेको वा हक भोग भएको चल अचल सम्पत्ति नामसारी, बिक्री वा हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्मको अवधिका लागि त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था छ। साथै त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने समेत उल्लेख गरिएको छ।

**मिलापत्र सम्बन्धी व्यवस्था**

न्यायाधिकरणमा दर्ता भई कारवाही तथा किनारा गर्न बाँकी रहेका ऋण असुली मुद्दाहरूमध्ये कुनै मुद्दामा मिलापत्र गर्नको निमित्त मुद्दाका दुवै पक्ष अर्थात् वादी र प्रतिवादीले न्यायाधिकरण समक्ष लिखित निवेदन दिएमा र न्यायाधिकरणले सो निवेदनको व्यहोरा दुबै पक्षलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणाम समेत सम्झाउँदा बुझाउँदा दुबै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएतापनि ऐनको दफा २० बमोजिम मिलापत्र गराई दिन सक्ने व्यवस्था छ। मिलापत्र भएपछि मिलापत्र कार्यान्वयन गर्न ऋण असुली अधिकृतलाई आदेश दिने व्यवस्था रहेको छ। मिलापत्र भईसकेपछि मिलापत्र कार्यान्वयन नभएको अवस्थामा मिलापत्रको कार्यान्वयनका लागि न्यायाधिकरणमा निवेदन दिन सक्ने व्यवस्था रहेको छ।

न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मुद्दा मिलापत्र गराईसकेपछि मिलापत्र दस्तुर वापत मुद्दामा मागदावी लिइएको रकमको ०.५० प्रतिशतले हुने रकम मध्ये वादीले ०.२५ प्रतिशत र प्रतिवादीले ०.२५ प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ। वादीको हकमा मिलापत्र दस्तुर वापत बुझाउनु पर्ने रकम निजले उजुरी निवेदन दर्ता गराउँदा अग्रिम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था छ।

**ऋण असुली सम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १८ बमोजिम मुद्दा बारे निर्णय सुनाई सकेपछि उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षबाट पुनरावेदन परेको अवस्थामा पुनरावेदन न्यायाधिकरणको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन दिने म्याद भुक्तान भएपछि निर्णय कार्यान्वयन गर्न सोही ऐनको दफा २१ बमोजिम ऋण असुली अधिकृतको नाममा समयावधि तोकी आदेश दिने व्यवस्था रहेकोछ।

ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त गरेपछि सो आदेशमा तोकिएको समयावधि भित्र ऐनको दफा २५ बमोजिम ऋणीबाट ऋण रकम असुल गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणबाट आदेश प्राप्त भए पश्चात् ऋण असुली अधिकृतले ऋणीबाट ऋणको साँवा व्याज रकम असुल उपर गर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावली तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कारवाही अवलम्बन गर्न सक्ने व्यवस्था छः-

- ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा व्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने व्यक्तिको अन्य चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखि पठाउने,
- ऋणीलाई बढीमा सात दिनको म्याद दिई ऋणको सम्पूर्ण साँवा व्याज रकम बुझाउन ल्याउन आदेश दिने,
- तोकिएको अवधीभित्र ऋणको साँवा व्याज बुझाउन नल्याएमा ऋणीको तर्फबाट धितोमा राखिएको वा नराखिएको अन्य चल अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा व्याज खाम्न नसक्ने भएमा जमानीकर्ताको जमानीको हदसम्म चल अचल सम्पत्ति कब्जा गर्ने,
- ऋणी वा जमानीकर्ताको कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने,
- कुनै व्यक्ति विषेश ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखि दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।

ऐन बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली भइसकेपछि असुली भएको ऋण रकमको १ (एक) प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्बन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई बुझाउनु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाले त्यसरी ऋण असुली शुल्क बुझाउँदा निजले उजुरी निवेदन दर्ता गर्दाका बखत बुझाएको अग्रीम ऋण असुली शुल्क बापतको रकम कटाई बाँकी रकम मात्र बुझाउनु पर्ने व्यवस्था छ।

**पुनरावेदन सम्बन्धी व्यवस्था**

ऐनको दफा १९ बमोजिम न्यायाधिकरणको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि उतार गरेको पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी सम्बन्धित पुरावेदन न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। ऋणीले पुनरावेदन गर्दा न्यायाधिकरणको निर्णय बमोजिम असुल उपर गर्नु पर्ने ठहर रकमको ३० (तीस) प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्ने ऐनको दफा २२ मा व्यवस्था छ।

**अवहेलनामा कारवाही चलाउन सक्ने**

न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने व्यवस्था ऐनको दफा ३० मा रहेको छ। न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ।

तर, न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुलतवी राखी तोकेको शर्त पालना भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्ने व्यवस्था समेत रहेको छ।

## ७. ऋण असुली पुनरावेदन न्यायाधिकरण

### परिचय

ऋण असुली पुनरावेदन न्यायाधिकरण, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ बमोजिम २०६० सालमा स्थापना भएको हो। बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरू छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुलउपर गर्नको लागि स्थापना भएको हो। यस न्यायाधिकरणमा ऋण असुली न्यायाधिकरणमा परेका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको कारवाही तथा फैसला उपर परेका निवेदन तथा पुनरावेदनहरूको सुनुवाई हुने गर्दछ। यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको सम्बन्धमा भएको फैसला अन्तिम रहने गरेको छ। नेपालको संविधानको धारा १५२(१) मा धारा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था समेत रहेको छ। यि संवैधानिक व्यवस्था र बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ बमोजिम ऋण असुली सम्बन्धी मुद्दाहरूउपर परेका निवेदन र पुनरावेदन उपर छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्नको लागि ऋण असुली न्यायाधिकरणमा पठाउने गरेको छ।

### उद्देश्य

बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जाको मात्रा बढ्दै गएको, यस्तो निष्कृय कर्जामा बृद्धि हुँदै जाँदा बैंक तथा वित्तीय संस्थाको स्थायित्वमा चुनौती थपिदै गएको, कर्जाहरू सम्बन्धी मुद्दाहरू नियमित अदालतबाट फछ्यौट र किनारा गर्दा लामो समय लिने गरेको साथै फैसलाको गुणस्तरियतामा समेत प्रश्न उठ्ने गरेको, यसले गर्दा जनमानसमा बैंक तथा वित्तीय क्षेत्र प्रतिको विश्वासमा कमी आउने अवस्था सिर्जना भएको पृष्ठभूमीमा बैंक तथा वित्तीय क्षेत्रले दिएका ऋण असुली सम्बन्धी कारवाही र किनारालाई छिटो छरितो र विशिष्टिकृत तरिकाले कारवाही र किनारा गर्ने उदेश्यका साथ यो ऋण असुली पुनरावेदन न्यायाधिकरणको स्थापना भएको हो।

### संगठनात्मक संरचना

ऋण असुली पुनरावेदन न्यायाधिकरणको संगठनात्मक संरचनामा हालको संरचना यस प्रकार रहेको छ।



# परिच्छेद ३ -
# अर्थ मन्त्रालय सम्वद्ध निकायहरूको संक्षिप्त परिचय

## १. नेपाल राष्ट्र बैंक

नेपालको अर्थतन्त्रका दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नको लागि केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भएको हो। नेपाल राष्ट्र बैंक बैंक तथा बित्तीय संस्थाहरूको नियमनकारी निकायको रूपमा रहेको छ।

### स्थापनाको कानूनी आधार

- नेपाल राष्ट्र बैंक ऐन, २०१२ (हालको नेपाल राष्ट्र बैंक ऐन, २०५८) अन्तर्गत स्थापित
- स्थापना भएको मितिः वि.सं २०१३

### दीर्घकालीन सोच

- आधुनिक, गतिशील, विश्वसनीय एवम् प्रभावकारी केन्द्रीय बैंक (A modern, dynamic, credible and effective central bank)

### उद्देश्य

- आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मुल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,
- वित्तीय सेवाको अभिबृद्धि र बैकिंग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैकिङ तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्ने,
- सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने।

### लक्ष्य

- सबल तथा प्रभावकारी मौद्रिक, विदेशी विनिमय एवम् वित्तीय क्षेत्र नीतिहरूको माध्यमबाट समग्र आर्थिक स्थिरता कायम राख्ने। (Maintaining macroeconomic stability through sound and effective monetary, foreign exchange and financial sector policies)

### रणनीति

- समष्टिगत आर्थिक स्थायित्व (Macroeconomic Stability) हाँसिल गर्ने।
- वित्तीय क्षेत्र स्थायित्व (Financial Sector Stability) कायम गर्ने।
- विदेशी विनिमय व्यवस्थापन (Foreign Exchange Management) लाई प्रभावकारी तुल्याउने।
- भुक्तानी प्रणाली संयन्त्र (Payment Systems & Mechanisms) सुदृढ तुल्याउने।
- जनशक्ति व्यवस्थापन र क्षमता बिकास (Human Resource Development and Capacity Development) मा जोड दिने।
- पुर्वाधार विकास, सुशासन र ग्राहक सेवा (Infrastructure Development, Corporate Governance and Customer Services ) केन्द्रीत हुने।
- सुचना र प्रविधि (Information and Communications Technology (ICT) लाई स्तरोन्नती (Up grade) गर्दै लैजाने।

**उद्देश्य**

- आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,
- वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैङ्क तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैङ्क तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,
- सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने।

**काम, कर्तव्य र अधिकार**

- बैङ्क नोट तथा सिक्का निष्कासन गर्ने,
- मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,
- विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,
- विनिमय दर पद्धति निर्धारण गर्ने,
- विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,
- वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बैकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,
- नेपाल सरकारको बैङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,
- वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको बैंङ्क तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,
- भुक्तानी, फछ्यौंट (क्लियरिङ्ग) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र
- तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोबार सञ्चालन गर्ने।
- यस ऐन बमोजिम बैङ्कको उद्देश्य हासिल गर्नको निमित्त बैङ्कले गर्नु पर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने गराउने।

## बैंकिङ्ग सेवाको विस्तार

हालसम्ममा "क" वर्गका २७, "ख" वर्गका २३, "ग" वर्गका २२, "घ" वर्गका ८९ र पूर्वाधार विकास बैंक १ गरी कुल १६२ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन्। गत वर्ष बैंक तथा वित्तीय संस्थाहरूका शाखा उल्लेख्य रूपमा विस्तार भएका छन्। वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्य अनुरूप वित्तीय पहुँच कम भएका स्थानहरूमा शाखारहित बैंकिङ सेवा विस्तार गर्ने नीतिलाई निरन्तरता दिइएको छ।अहिले करिव ६१ प्रतिशत नागरिकमा बैंकिङ्ग पहुँच पुगेको र हालसम्ममा शाखारहित बैंकिङ्ग सेवा दिने केन्द्रको संख्या १५८६ र एटीएमको संख्या ३९४५, पुगेको छ। त्यसैगरी, निक्षेप तथा कर्जाको पहुँच समेत वृद्धि हुँदै गएको छ। हालसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूमा ३ करोड १७ लाख ३२ हजार निक्षेप खाता र १५ लाख ३० हजार ऋणी संख्या पुगेको छ। प्रत्येक स्थानीय तहमा कम्तीमा एक वटा वाणिज्य बैंकको शाखा स्थापना गर्ने नीतिगत व्यवस्था बमोजिम २०७७ आषाढ मसान्तसम्म ७५३ स्थानीय तहमध्ये ७४६ तहमा वाणिज्य बैंकका शाखा पुगेका छन्। विगत केही वर्षता वित्तीय साधन परिचालनमा समेत उल्लेख्य प्रगति भएको छ।

## आ.व. २०७६/७७ मा प्राप्त मूख्य उपलव्धी

- २०७६/७७ को एघार महिनाको अवधिमा बैंक तथा वित्तीय क्षेत्रको कारोबारको आकार बढेको छ। उक्त अवधिमा निक्षेप रु ४३१ अर्ब ५५ करोडले र कर्जा रु. ३०६ अर्ब ७९ करोडले बढेको छ।
- २०७७ जेठ मसान्तमा वाणिज्य बैंकहरुबाट कृषि क्षेत्रमा रु. २६१ अर्ब १५ करोड अर्थात कुल कर्जाको ९.७ प्रतिशत, उर्जामा रु.१४४ अर्ब १४ करोड अर्थात कुल कर्जाको ५.३ प्रतिशत र पर्यटनमा रु.१२९ अर्ब ७० करोड अर्थात कुल कर्जाको ४.८ प्रतिशत कर्जा प्रवाह भएको छ।
- गत एक वर्षको अवधिमा नेपाली नागरिकको वित्तीय सेवामा पहुँच विस्तार भएको छ। देशका कुल ७५३ स्थानीय तहमध्ये २०७७ जेठसम्ममा ७४६ तहमा वाणिज्य बैंकहरूको उपस्थिति भएको छ।
- बैंक तथा वित्तीय संस्थाका शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७६ असारमसान्तमा ८६८६ रहेकोमा २०७७ जेठ मसान्तमा ९७१६ पुगेको छ। उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या ३३६३ बाट घटेर ३०७५ कायम भएको छ।
- २०७७ जेठसम्मको अवधिमा बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता संख्या करिव ३ करोड २० लाख ५२ हजार र कर्जा खाता संख्या १५ लाख ३० हजार पुगेको छ।
- २०७६/७७ को एघार महिनामा १०२ शाखारहित बैंकिङ्ग केन्द्रमार्फत बैकिङ्ग सेवा विस्तार भएको छ।
- वित्तीय स्थायित्व सुदृढीकरण गर्न बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति हुने प्रक्रियाले निरन्तरता पाएको छ। आर्थिक वर्ष २०७६/७७ मा ४ वाणिज्य बैंक सहित ३५ बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्ति प्रक्रियामा संलग्न भई २० संस्थाको इजाजत खारेज भएको छ।
- २०७७ जेठमा कर्जाको भारित औसत ब्याजदर १०.४३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ६.१७ प्रतिशत कायम भएको छ। वित्तीय क्षेत्र विकास रणनीतिमा २०७८ असारसम्ममा वाणिज्य बैंकको कर्जा र निक्षेपको ब्याजदर अन्तर ४.४ प्रतिशतमा ल्याइने उल्लेख भएकोमा २०७७ जेठमा यस्तो ब्याजदर अन्तर ४.३ प्रतिशत कायम भएको छ।
- वास्तविक समयको भुक्तानी प्रणाली (RTGS) सञ्चालनमा आएको छ। भुक्तानी प्रणाली पुर्वाधारको विकास र विद्युतीय भुक्तानी उपकरणहरुको बढ्दो प्रयोगले बन्दाबन्दीको समयमा समेत वित्तीय कारोबारलाई सहज बनाएइको छ।

### मौद्रिक नीति

समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसका अतिरिक्त मौद्रिक नीतिले उत्पादनशील क्षेत्रको कर्जा विस्तारलाई प्रोत्साहन गर्ने तथा वित्तीय पहुँच विस्तार एवम् साक्षरता अभिवृद्धिका माध्यमबाट समावेशी आर्थिक विकास हासिल गर्ने कार्यमा समेत सहयोग पुऱ्याउँदै आएको छ। यसै क्रममा लक्षित आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउने प्रमुख उद्देश्य लिई नेपाल सरकारको बजेट वक्तब्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूसँग समेत तादात्म्यता हुने गरी यस बैंकवाट आर्थिक

वर्ष २०७७/७८ को मौद्रिक नीति सार्वजनिक गरिएको छ। मौद्रिक नीतिमा आर्थिक पूनरुत्थान लक्षित विशेष कार्यक्रम, पुनरकर्जा, कोभिड १९ बाट अति प्रभावित पेशा/व्यवसाय कर्जा र कर्जा भुक्तानी अवधिको म्याद थप, कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरणलाई प्राथमिकता दिइएको छ।

## २. बीमा समिति नेपाल

### पृष्ठभूमि

नेपालमा बीमा व्यवसायको औपचारिक शुरूवात वि.स.२००४ सालमा नेपाल बैंक लिमिटेडको भगिनी संस्था नेपाल माल चलानी तथा बीमा कम्पनी लि. बाट शुरू भएको हो। शुरूमा नेपाल बैंकले कर्जा प्रदान गरेको ऋणीको धितोको बीमा गर्ने उद्देश्यले यो संस्था स्थापना भएको हो। तत्पश्चात बीमा बजारको बढ्दो चापलाई महशुस गरी नेपाल सरकारले बीमा क्षेत्रको विकास र बिस्तारका लागि आवश्यक कानूनी व्यवस्था गर्न र त्यसको उपयुक्त संस्था खडा गरी प्रभावकारी बनाउन वि.स. २०२५ सालमा बीमा ऐन जारी गरियो। वि.स. २०२५ देखि वि.स. २०४६ सालसम्म बीमा क्षेत्रमा भए गरेका परिवर्तन एंव उपलब्धीहरूलाई थप व्यवस्थित र विस्तार गर्ने उदेश्य स्वरुप वि.स.२०४६ सालपछि राज्यले अवलम्वन गरेको आर्थिक उदारीकरणको नीति अनुरुप बीमा बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो। बीमा व्यवसायलाई थप व्यवस्थित, विकसित, नियमित र नियन्त्रित गर्ने उद्देश्यले नयाँ बीमा ऐनको आवश्यकता महसुश गरी वि.स. २०४९ सालमा बीमा ऐन, २०४९ जारी भयो।
सो ऐनमा बीमा समितिलाई स्वायत्त नियमनकारी निकायको रुपमा स्थापना गरी बीमामा संलग्न सर्वसाधारण जनताको जोखिम न्यूनीकरण गर्ने, देशको आर्थिक विकासमा योगदान पुर्‍याउने, बीमितहरूको हक हित संरक्षण गर्ने, उद्योग धन्दा, ब्यापार व्यवसायमा भएको जोखिम कम गर्नुका साथै बीमामा जनसहभागिता बढाउने बृहत उद्देश्य राखिएको छ। यसको परिणाम स्वरुप हाल मुलुकमा १९ जीवन, २० निर्जीवन र १ पुनर्वीमा गरी ४० वटा बीमा कम्पनीहरू संचालनमा रहेका छन। बीमाको दायरामा रहेको जनसख्या करिव २३ प्रतिशत रहेको छ।

### परिचय

वि.स. २०२५ सालमा बीमा व्यवसायको बृद्धि, विकास, नियन्त्रित तथा नियमन गर्नको लागि नेपाल सरकारबाट नियमनकारी निकायको आवश्यकता महशुस गरी बीमा समितिको स्थापना भएको हो। समितिले मिति २०२६ साल जेष्ठ १ गतेबाट आफ्नो कार्य आरम्भ गरेको पाइन्छ। तत्पश्चात बीमा ऐन, २०४९ जारी भएपछि बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने जिम्मेवारी सहित समितिले एक अविछिन्न उत्तराधिकारवाला स्वायत्त बीमा नियमनकारी निकायको रुपमा कार्य गर्दै आईरहेको छ।

### उद्देश्य

नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने बीमा समितिको प्रमुख उद्देश्य हो।

## दुरदृष्टि

बीमा समितिलाई नेपालको उच्च प्रतिष्ठित र नेतृत्वदायी संस्थाको रुपमा रुपान्तरण गर्ने।

## लक्ष्य

निरन्तर अध्ययन, दक्षता र इमान्दारिताको माध्यमबाट पेशागत र सशक्त बीमा नियमनकारी निकायको रुपमा पहिचान गराउने।

## मूल्य मान्यता

इमान्दारीता, पारदर्शिता, उत्तरदायी, समूह गतिशिलता, सेवा, निष्पक्षता, नविनता।

## काम, कर्तव्य र अधिकार

- बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,
- बीमक, बीमा अभिकर्ता, सर्भेयर वा दलालको दर्ता र नविकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,
- बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,
- बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,
- बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय–समयमा आवश्यक निर्देशन दिने,
- बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने
- बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने।

# आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

## (१) बीमाको दायरामा रहेको जनसंख्या र कुल गार्हस्थ उत्पादनमा बीमाको योगदान

- वित्तीय प्रणालीको महत्वपूर्ण स्तम्भको रुपमा रहेको बीमाले आर्थिक बर्ष २०७५/०७६ सम्म १८ प्रतिशत नागरिकलाई सेवा प्रदान गरेकोमा गत आर्थिक बर्ष २०७६/०७७ मा थप सरदर ६ प्रतिशत नागरिकलाई सेवा प्रदान गरी २३ प्रतिशत नागरिकमा बीमा सेवा प्रवाह गर्न सफल भएको छ। बैदेशिक रोजगार म्यादी जीवन बीमा समेतलाई समावेश गर्दा सोही आर्थिक बर्षमा करिव २६ प्रतिशत नागरिकसम्म बीमाको पहुँच पुगेको छ।
- बीमा व्यवसायको बिकास र बिस्तारसंगै मुलुकको कुल गार्हस्थ उत्पादनमा बीमा क्षेत्रको योगदान पनि क्रमशः बढ्दै गएको छ। आर्थिक बर्ष २०७५/०७६ सम्म कुल गार्हस्थ उत्पादनमा बीमा क्षेत्रको योगदान ३ प्रतिशत रहेकोमा गत आर्थिक बष २०७६/०७७ मा ३.६ प्रतिशत पुगेको छ।

## (२) बाली तथा पशुपन्छी बीमा

- नेपाल सरकारले व्यवसायिक कृषि पेशलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बृद्धि सहित स्वरोजगार सिर्जना गर्न तथा आत्मनिर्भर अर्थतन्त्रको बिकास गर्ने उद्देश्य अनुरूप कृषि बीमा गर्दा लाग्ने बीमा शुल्कमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था बमोजिम विभिन्न २० निर्जीवन बीमा

कम्पनीहरु मार्फत रू. १९ अर्व २७ करोड ९७ लाख ६६ हजार बराबरको बीमाङ्कको रू. ८५ करोड ३८ लाख ५२ हजार रुपैयाँ बीमाशुल्क संकलन भएको छ। जसमध्ये रू. ६४ करोड ३ लाख ८९ हजार रुपैयाँ नेपाल सरकारबाट अनुदान प्राप्त हुने क्रममा रहेको छ। त्यसैगरी आ.व. ०७६।०७७ को चैत्र मसान्त सम्ममा रू. ३० करोड २४ लाख बराबरको दाबी भुक्तानी भएको पाइन्छ।

**(३) लघुबीमा**

- न्यून आय भएका वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गरी बीमाको दायरामा ल्याउन समितिबाट वि.स. २०७१ मा जारी गरिएको लघु बीमा निर्देशिकालाई समयानुकुल सुधार गर्ने क्रममा नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरू मार्फत प्रदान गरिने कर्जाको प्रकारसँग सामन्जस्यता हुने गरी प्रति ऋणी अधिकतम सीमा कायम गरी समितिबाट नयाँ लघु बीमा निर्देशिका, २०७६ जारी गरिएको छ। यस पूर्व जारी भएका लघु बीमा निर्देशिकामा लघु जीवन बीमा अन्तर्गत सावधिक जीवन बीमा, म्यादी लघु बीमालाई निरन्तरता गरिएको छ भने लघु निर्जीवन बीमा अन्तर्गत सम्पत्ति बीमा, घर बीमा, दुर्घटना बीमा, स्वास्थ्य बीमा, घातक रोग, कृषि लघु बीमा गरी ६ प्रकार कायम गरिएको छ।

**(४) मार्गदर्शन तथा निर्देशिका जारी**

- बीमा समिति नेपालको बीमा नियमनकारी निकाय भएकोले बीमा ऐन, २०४९ बमोजिम बीमा क्षेत्रको बिकास र बिस्तार गरी बीमित हित रक्षा गर्न तथा बीमा कम्पनीहरुमा संस्थागत सुशासन कायम गर्ने उद्देश्यले बिभिन्न निर्देशन तथा मार्गदर्शन बनाई लागु गर्ने गर्दछ। यसै क्रममा गत आर्थिक बर्ष २०७६/७७ मा देहाय बमोजिमका १० वटा निर्देशिका तथा मार्गदर्शन जारी गरेको छ।

(क) बीमकले सहकार्यमा बीमा व्यवसाय सञ्चालन गर्दा अपनाउनुपर्ने नीतिगत मार्गदर्शन, २०७६

(ख) शाखा रहित घुम्ती बीमा सेवा सम्बन्धी मार्गदर्शन, २०७६

(ग) बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६

(घ) बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६

(ङ) बीमकका लागि जोखिम व्यवस्थापन मार्गदर्शन, २०७६

(च) जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६

(छ) लघु बीमा निर्देशिका, २०७६

(ज) निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६

(झ) पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६

(ञ) नेपाल बित्तीय प्रतिवेदनमान निर्देशन, २०७७

## (५) कार्यविधि कार्यान्वयन

- बीमा समितिले आफ्नो आन्तरिक कार्यलाई व्यवस्थित गर्न तथा बीमा ऐन, २०४९ बमोजिम स्थापित बीमा कम्पनीहरुमा संस्थागत सुशासन कायम गर्ने उद्देश्यले कम्पनीहरुको स्थलगत र गैरस्थलगत निरीक्षण तथा सुपरीवेक्षण कार्य सम्पादन गर्नका लागि बिभिन्न कार्यविधिहरु बनाई लागु गर्ने गरेको छ। यसै क्रममा गत आर्थिक बर्ष २०७६/७७ मा देहाय बमोजिमका ४ वटा कार्यविधि जारी गरेको छ।

  (क) बीमा दाबी उजुरी कार्यविधि, २०७६
  (ख) आन्तरिक नियन्त्रण कार्यविधि, २०७६
  (ग) परिपालनमा आधारित स्थलगत निरीक्षण कार्यविधि, २०७६
  (घ) जोखिममा आधारित गैर स्थलगत निरीक्षण कार्यविधि, २०७६

## (६) कोरोना बीमालेख जारी गरिएको

- विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) बाट अधिकांश मुलुकहरु प्रत्यक्ष रुपमा प्रभावित भइरहेका छन्। समितिले नेपालमा पनि उक्त रोग फैलन सक्ने अवस्था तथा सम्भावनालाई समेत मध्यनजर गरी यसबाट उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न तथा न्यून आय भएका वर्गलाई लक्षित गरी कोरोना भाइरस (COVID-19) बीमालेख बनाई बीमा कम्पनीहरु मार्फत जारी गर्ने व्यवस्था मिलाएको छ।
- कोरोना भाइरस (COVID-19) बीमालेख दुई प्रकारका रहेका छन्। जसमध्ये रु. १ लाखको बीमालेखका लागि प्रति व्याक्ति रु. १ हजार तथा सम्पूर्ण परिवारको बीमालेख खरिद गरेमा प्रतिव्याक्ति रु ६ सय बीमाशुल्क लाग्ने व्यवस्था गरिएको छ। त्यसैगरी, रु ५० हजारको बीमालेखका लागि प्रतिव्याक्ति रु ५ सय तथा सम्पूर्ण परिवारको बीमालेख खरिद गरेमा प्रति व्याक्ति रु ३ सय बीमाशुल्क लाग्ने व्यवस्था गरिएको छ। बीमा दाबीका लागि IDPCR Test बाट Positive देखिएमा तुरुन्त दाबी भुक्तानी दिने व्यवस्था गरिएको छ। मिति २०७७ बैशाख ७ गतेबाट शुरु गरिएको यो बीमालेख २०७७ असार मसान्तसम्म ५ लाख ८० हजार नागरिकले खरिद गरेको छन्। जसबाट रु. ३३ करोड बीमा शुल्क संकलन भएको छ। नेपाल सरकारको चालु आर्थिक बर्ष २०७७/०७८ को बजेट बक्तव्यमा कोरोना बीममा ५० प्रतिशत अनुदान दिने तथा राष्ट्र सेवक कर्मचारीको निशुल्क कोरोना बीमा गर्ने नीतिलाई समितिले मापदण्ड बनाई मिति २०७७ साउन देखि कार्यन्वयनमा लैजाने तयारी गरिसकेको छ।

## (७) स्थानीय निकाय एवं अन्य सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल

- बीमा सम्बन्धी जनचेतना जगाउने तथा बीमा प्रचार प्रसार कार्यलाई ग्रामीण स्तरसम्म पुर्याउने उद्देश्य सहित विगत २ वर्ष देखि अभियानकै रुपमा संचालन गरिएको "स्थानीय तहसंग बीमा समिति" र "विद्यार्थीसंग बीमा समिति" विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई आर्थिक बर्ष २०७६/०७७मा पनि निरन्तरता प्रदान गरिएको थियो। समितिले उक्त अवधिमा सातवटै प्रदेशका

१० वटा स्थानीय तहसँग र ४ वटा विद्यालयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। यसैगरी समितिले इन्स्योरेन्स प्रोफेसलन सोसाइटी, बीमा सर्भेयर, बीमा अभिकर्ता, बीमकका अध्यक्षहरु, सूचना आयोग लगायतसँग समेत अन्तरक्रिया सम्पन्न गरिएको छ।

## (८) आवासीय बीमाङ्की नियुक्त र बीमाङ्की समाजसँग सहकार्य

- बीमा क्षेत्र दीर्घकालीन दायित्व बोक्ने क्षेत्र भएकोले हरेक बीमालेख र बीमा कम्पनीको नियमित बीमाङ्कीय मूल्यांकन गर्नुपर्ने विषयलाई मध्येनजर गरी बीमा ऐन, २०४९ मा प्रत्येक बीमा कम्पनीले बीमाङ्कीय मूल्यांकन गर्नुपर्ने हुन्छ। बीमा कम्पनीहरुले तयार गरेको बीमाङ्कीय प्रतिवेदन समितिले जारी गरेको बीमाकीय मूल्यांकन सम्बन्धी निर्देशन अनुसार भए नभएको परीक्षण गर्नका लागि समितिको कन्सल्टीङ्ग एक्जुरीको व्यवस्था गरिएको छ। नेपालमा बीमाङ्की नभएको अवस्थामा भारतीय बीमाङ्कीबाट सेवा लिने गरिएकोमा हाल नेपालमा नै बसोबास गर्ने १ जना गैर आवासिय नेपालीलाई समितिको परामर्शदाता बीमाङ्कीका रुपमा नियुक्त गरिएको छ। साथै, समितिमा नियुक्त बीमाङ्कीले त्रिभुवन विश्व बिद्यालयमा बीमाङ्की बिषयमा अध्ययनरत विद्यार्थीहरुको क्षमता बिकासमा सहयोग गर्नुका साथै नेपालमा बीमांकी समाजको निर्माण गर्नमा समेत कार्य गर्ने गरी सम्झौता गरिएको छ। यो नियुक्तिले समितिको कार्यमा सहजता प्रदान हुनुका साथै भविष्यमा बीमांकीय क्षेत्रमा आत्मनिर्भर हुन बाटो खुल्ला भएको छ।

## (९) परिपालनमा आधारित स्थलगत निरीक्षण

- बीमा ऐन, २०४९ बमोजिम समितिले बीमा व्यवसायको बिकास, बिस्तार र बीमा कम्पनीहरुको सुशासन कायम गर्न नियमित रुपमा नियमन र सुपरीवेक्षण सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ। समितिले गर्ने सुपरीवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनु पर्ने आवश्यकतालाई मध्यनजर गरी समितिले परिपालनामा आधारित सुपरीवेक्षण कार्यविधि, २०७६ लागु गरेको छ। चालु आर्थिक बर्षको अन्तसम्म समितिबाट १० वटा बीमक कम्पनीहरुको परिपालनमा आधारित स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ।
- यसैगरी समिति अन्तर्राष्ट्रिय बीमा नियमनकारी संस्था International Association Of Insurance Supervisors (IAIS) को संस्थापक सदस्य राष्ट्र भएकाले उक्त संस्थाले प्रतिपादन गरेका बीमाका मुलभुत सिद्धान्तलाई नेपाली बीमा व्यवसायमा लागु गर्दै आएको छ। हाल अन्तराष्ट्रिय स्तरमा परिपालनमा आधारित सुपरीवेक्षणको सट्टामा जोखिममा आधारित सुपरीवेक्षण प्रणाली लागु गर्ने गरिएको सन्दर्भमा नेपालमा पनि चालु आर्थिक बर्ष २०७७।०७८ बाट जोखिममा आधारित पूँजी र जोखिममा आधारित सुपरीवेक्षण लागु गर्नको लागि जोखिममा आधारित गैरस्थलगत सुपरीवेक्षण सम्बन्धी कार्यविधि, २०७६ जारी गरिसकेको छ। यस्तो निरीक्षण कार्यले समय र लागत कम हुनुका साथै नियमनकारी निकायमको सुपरीवेक्षण बढी प्रभावकारी हुने बिश्वास गरिएको छ।

## (१०) बीमक र बीमितबीचको विवाद उपर मध्यस्थता र उजुरी सुनुवाई

- बीमा ऐन, २०४९ ले बीमा समितिलाई बीमित र बीमकको बीचमा उत्पन्न हुने बीमा सम्बन्धी विवादमा मध्यस्थता गर्ने एवम् बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमकका बिरुद्ध बीमितले

दिएको उजुरी उपर निर्णय गर्ने अर्धन्यायिक निकायको रूपमा स्थापना गरेको छ। बीमितले दिएका बीमा दाबी सम्बन्धी उजुरीहरुलाई यस वर्ष प्राथमिकताका साथ निर्णय प्रक्रियामा सामेल गरी किनारा लगाइएको छ। गत आर्थिक बर्ष २०७६/०७७ मा समितिबाट १५३ वटा उजुरीहरु किनारा लगाई सकिएको छ। जस मध्ये १०० वटा बीमा दाबी उजुरीहरु न्यायिक निरुपणको माध्यमद्वारा किनारा लगाईएको छ भने बाँकी ५३ वटा उजुरीहरु बीमा समितिको रोहवरमा वीमक र बीमितबीच आपसी सहमती तथा मेलमिलाप भई किनारा लगाईएको छ।

**(११) पुनर्बीमा नीति, २०७६**

- पुनर्बीमा व्यवसायलाई व्यवस्थित र विकसित तुल्याई देशमा पुनर्बीमा व्यवसायको माध्यमबाट बर्हिगमन हुने स्वदेशी मुद्रा प्रवाहलाई न्यूनीकरण गर्न पुनर्बीमा नीति, २०७७ को मस्यौदा तयार गरी स्वीकृतिका प्रक्रियामा रहेको छ। उक्त नीतिमा नेपालको आन्तरिक पुनर्बीमा बजारको क्षमता अभिबृद्धि गर्ने, पुनर्बीमा व्यवसायलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विकसित गर्ने, स्वदेशी पुनर्बीमा कम्पनीको अन्तर्राष्ट्रिय पहिचान कायम गर्ने, अन्तर्राष्ट्रिय बजारबाट पुनर्बीमा व्यवसाय भित्र्याई देशको भुक्तानी सन्तुलनमा सकारात्मक योगदान पुर्याउने तथा राष्ट्रिय पूँजी निर्माण गरी उच्च आर्थिक बृद्धि दर हासिल गर्ने यस नीतिका मुख्य उद्देश्य रहेका छन्।

## ३. नेपाल धितोपत्र वोर्ड

### पृष्ठभूमि

धितोपत्र कारोवार ऐन, २०४० को वि.स. २०४९ सालको संशोधन पश्चात सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हक हित संरक्षण गर्न, उद्योग धन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट वि.सं. २०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरियो। बोर्ड धितोपत्र सम्वन्धी नियमनकारी निकाय हो।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुँजीबजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्कासन, खरिद, विक्री, वितरण तथा बिनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम, कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो। तत्पश्चात धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ।

### दीर्घकालीन सोच

- स्वच्छ, प्रतिष्पर्धी र फराकिलो धितोपत्र बजार तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पुँजी निर्माण तथा परिचालन गर्ने।

**लक्ष्य**

- सबल, गतिशील र विश्वसनीय धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने।

**उद्देश्य**

- धितोपत्र बजार तथा वस्तु विनिमय बजार(बजार) लाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने।
- लगानीकर्ताको हित संरक्षण गर्ने।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने।
- बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने।
- बजारको प्रणालीगत जोखिमलाइ न्यूनीकरण गर्ने।

**रणनीति**

- बोर्डको संस्थागत एवं नियमन क्षमता अभिवृद्धि गर्ने।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाइ स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाइ अन्तर्राष्ट्रियस्तरको बनाउने।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने।

**कार्यक्षेत्र**

बोर्डको कार्यक्षेत्र मुख्यतः तीन क्षेत्रमा केन्द्रित रहेको छ। पूँजी बजार, वस्तु विनिमय बजार र सम्पत्ति शुद्धीकरण निवारण। पूँजी बजारको विकास तथा विस्तार, लगानीकर्ताको हित र धितोपत्र बजार, धितोपत्र व्यवसाय, वस्तु बजार, वस्तु कारोबार व्यवस्था तथा कारोबारलाई नियमित तथा व्यवस्थित गर्नुका साथै नियमन निकायको भूमिकालाई बोर्डले सशक्त बनाउनु परेको छ भने अर्कोतर्फ धितोपत्र तथा वस्तु विनिमय बजारको नियमन निकायको रुपमा सम्पत्ति शुद्धिकरणलाई नियन्त्रण गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपरेको छ। यी कार्यक्षेत्रहरूलाई संक्षेपमा देहाय अनुसार तल प्रस्तुत गरिएको छ।

**क) धितोपत्र बजार सम्बन्धी कार्यक्षेत्र**

यसको कार्यक्षेत्रको रुपमा बोर्डको काम, कर्तव्य र अधिकारका साथै विशेष अधिकारहरू स्पष्ट गर्ने प्रयास गरिएको छ। धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरू रहेका छन्।

- धितोपत्र वजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने।

- धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने।
- पूँजी बजारको विकाससँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमति तथा व्यवस्थित गर्ने।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने।
- धितोपत्र तथा पूँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरू गर्ने गराउने।
- धितोपत्रसम्बन्धी ऐन बमोजिम बोर्डले पूँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरूलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ।

**ख) वस्तु विनिमय बजारसम्बन्धी कार्यक्षेत्र**

यससम्बन्धी कार्यक्षेत्रलाई वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डको काम, कर्तव्य र अधिकारको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने।
- वस्तु वा वस्तु करारसम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमन निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- पूँजी बजारमा देखिएका समस्याहरुको समाधानका लागि नेपाल सरकारले गठन गरेको समितिले दिएका ५८ बुँदे सुझावहरुमध्ये बोर्डसँग सम्बन्धित सुझावहरुको करिब ७५ प्रतिशत सुझावको कार्यान्वयन बोर्डले सम्पन्न गरिसकेको छ भने अन्य बाँकी सुझावहरु सम्पन्न हुने क्रममा रहेको।

- धितोपत्र तथा वस्तु विनिमय बजारमा भएका तथ्याङ्क एवं जानकारीहरुको समूचित अभिलेख व्यवस्थापन तथा प्रभावकारी उपयोगमा सूचना प्रविधिको महत्वपूर्ण भूमिकालाई दृष्टिगत गरी नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ वि.सं.२०७६ श्रावणदेखि लागू हुने गरी बजार नियमन तथा बजार गतिविधिलाई प्रतिस्पर्धी एवं विश्वसनीय बनाउन उक्त नीति कार्यान्वयनका लागि धितोपत्र बजार सहभागीहरूलाइ निर्देशन जारी गरिएको।
- सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनमा एकरुपता ल्याई यस्ता संस्थाहरुको कामकारबाहीलाई थप नियमित तथा स्वशासित बनाउनका लागि सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुरूप संस्थागत सुशासनसम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनको ढाँचा तयार गरी लागू गरेको छ। यसबाट धितोपत्र बजारमा संस्थागत सुशासन अभिबृद्धि भइ बजार व्यवस्थित, पारदर्शी तथा जवाफदेही हुने।
- धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशनमा बुक बिल्डिङ प्रणाली प्रयोगमा ल्याउने व्यवस्था सहित धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ संशोधन गरिएको छ। त्यसैगरी प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्ने संगठित संस्था वा बीमा कम्पनी वा विशेष ऐनबाट स्थापित गैर बैंकिंग वित्तीय संस्थाहरूले समेत सामूहिक लगानी योजना संचालन गर्न सक्ने व्यवस्था गरी सामूहिक लगानी कोष नियमावली २०७६ मा संशोधन गरिएको।
- मर्चेन्ट बैंकरको कार्य क्षेत्र विस्तार गर्न संस्थागत परामर्शदाताको कार्य गर्न र संस्थागत जोखिम व्यवस्थापन गर्न तथा संस्थाको वित्तीय सवलताको लागि जगेडा कोष राख्नुपर्ने व्यवस्था सहित धितोपत्र व्यवसायी नियमावली (मर्चेन्ट बैकर), २०६४ मा संशोधन गरिएको।
- भारित औषत विधिबाट पूँजीगत लाभकर गणना गर्ने कार्यलाई थप सरल तथा सहज रुपमा गर्नसक्ने शीघ्र व्यवस्था गर्न नेप्से तथा सिडिएससीलाई बोर्डको निर्देशन बमोजिम सिडिएसीले परीक्षणको रुपमा लगानीकर्ता स्वयंले वेबसाइट मार्फत आधार मूल्य प्रविष्टगरी पेश गर्न सक्ने व्यवस्था गरेको।
- धितोपत्र दलाल व्यवसायीमार्फत् मार्जिन कारोबार सुविधा उपलब्ध गराउन बोर्डबाट मार्जिन कारोबार सुविधा सम्बन्धी निर्देशन, २०७४ जारी गरिएकोमा सोको अधीनमा रही नेप्सेले मार्जिन कारोबार सम्बन्धी कार्यविधि बनाएकोमा उक्त लि. ले २१ वटा धितोपत्र दलाल व्यवसायीलाई मार्जिन कारोबार सेवा सञ्चालनका लागि अनुमति प्रदान गरेकोमा सो मध्ये हालसम्म एक वटा धितोपत्र दलाल व्यवसायीमार्फत मार्जिन कारोबार शुरू भइसकेको।
- धितोपत्रको दोस्रो बजारमा हुन सक्ने भित्री कारोवारलाई रोक्न तथा त्यस्ता कारोवारहरु भएको देखिएमा कारवाही प्रकृयालाई व्यवस्थित गर्न तयार गरिएको धितोपत्रको भित्री कारोवार निषेध सम्बन्धी नियमावली, २०७६ स्वीकृतिको अन्तिम चरणमा रहेको।
- नेपालको वित्तीय प्रणालीमा लगानीका आधुनिक वैकल्पिक साधनहरूको प्रयोगमार्फत् पूँजी परिचालन थप प्रभावकारी हुने, नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धन गर्नका लागि प्राइभेट इक्विटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता वैकल्पिक लगानी कोषलाई प्रोत्साहन गरी उच्चस्तरीय वित्तीय उपकरणको प्रयोगलाई सहजीकरण तथा नियमन गर्न विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ ल्याएकोमा सो बमोजिम कोष संचालन अनुमतिका लागि ७ वटा कम्पनीहरूबाट निवेदन प्राप्त भएकोले सो को अनुमति दिने प्रकृया अन्तिम अवस्थामा पुगेको।
- बोर्डले स्थलगत सुपरिवेक्षण विधिमा सुधार गरेको। यस अवधिमा ३ धितोपत्र दलाल व्यवसायी र ७ मर्चेन्ट बैंकरको स्थलगत सुपरिवेक्षण गरिएको।

- धितोपत्रको दोस्रो बजारमा हुने अनलाइन कारोबारमा E-DIS को शुरूवात गरिएको।

## ४. नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था

राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको स्थापना भएको हो।

**स्थापनाको कानूनी आधार**

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३
- स्थापना भएको मिति : २०५३ माघ १७

**दिर्घकालीन सोच**

- लेखा व्यवसायको स्तरोन्नती गर्ने

**उद्देश्य**

- राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखा व्यवसायको सुदृढीकरण गरी विकासित गर्दै लैजान सदस्यलाई आचार संहिताको परिधि भित्र रही लेखा व्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकायको भूमिका निर्वाह गर्ने।
- लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एंव सामाजिक उत्तरदायित्व प्रति जनचेताना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिबृद्धि गर्ने।
- लेखा व्यवसाय र लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्धन गर्ने।
- लेखा व्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखा व्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरूप विकसित गर्ने।

**लक्ष्य**

- राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिबृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्ने।

### आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- संस्थाको कानूनी, संस्थागत, संरचनागत, व्यवस्थापकीय एवम् प्रक्रियागत पक्षहरुमा सुधारको आवश्यकता भएको हुँदा संरचनागत र मानव संसाधन व्यवस्थापन सुदृढ गर्ने उद्देश्यले संस्थाको संगठनात्मक संरचना, विभिन्न विभागीय संरचना र तिनको कार्य विभाजन आदिमा संशोधन गरिएको।
- संस्थाको समग्र कार्य प्रक्रियामा मानवीय संलग्नता कम गर्दै प्रविधिको विकास र प्रयोगमा जोड दिन, प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्न, संस्थाका सदस्यहरुबाट हुने लेखापरीक्षण कार्यको गुणस्तर अभिवृद्धि गर्न, संस्थामा सदस्यहरुलाई सूचना प्रविधि मैत्री बनाउदै लैजान, लेखापरीक्षण गर्ने संस्थाहरुको व्यवसायमा बढ्दो सूचना प्रविधिको प्रयोगका कारण बढ्दो

जोखिम न्यूनिकरण गर्न, लेखापरीक्षणका विभिन्न विधिहरुलाई प्रविधिमा आधारित बनाउदै लेखापरीक्षण कार्यको विश्वासनियता बढाउन संस्थाले विभिन्न कार्यहरु थालेको छ। संस्थाका समग्र गतिविधिसँग सम्बन्धित सूचनाहरुको नियमित उत्पादन, प्रशोधन तथा वितरण हुने गरी उपयुक्त व्यवस्थापन सूचना प्रणाली (Management Information System) को विकास र कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। साथै संस्थाका सदस्य, लेखा व्यवसायी फर्महरुले प्रयोग गर्ने Audit Management System(AMS) software संस्थाद्वारा बिकास गरी सदस्यहरुलाई उपलब्ध गराउने परिषदले निर्णय गरिसकेको छ।

- विद्यार्थीहरुलाई उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने सम्बन्धी कार्यबिधि परिषदबाट पारित गरिएको।
- नेपाल वित्तीय प्रतिवेदनमान २०१८ (Nepal Financial Reporting Standards 2018) को लागू मिति तोकिएको।
- लेखापरीक्षणको विश्वसनियता अझ बढाउन तथा लेखापरिक्षकद्वारा प्रमाणित प्रतिवेदनको पहिचान गर्न आ.व. २०७७।७८ देखि कर लेखापरीक्षण प्रतिवेदन तथा कम्पनीहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा अनिवार्य रुपमा UDIN (Unique Document Identification Number) उल्लेख गर्नु पर्ने व्यवस्था लागू गरिएको।

## ५. राष्ट्रिय बीमा संस्थान

### परिचय

देशको आर्थिक विकासका लागि आन्तरिक साधन र पूँजी परिचालन गर्न, विदेशी मुद्राको व्ययभार रोक्न तथा दक्ष व्यावसायिक बीमा कम्पनी स्थापना गर्न नेपाल सरकारको निर्णय अनुरुप २०२४ साल पौष १ गते स्थापना भई फागुन ११ गतेबाट निर्जीवन बीमा तर्फको कारोबार सुरु गरेको राष्ट्रिय बीमा संस्थानले २०२९ साल फागुन ७ गतेबाट जीवन बीमाको समेत कारोबार संचालन गर्दै आएको छ।

### दुरदृष्टि

- विश्वसनीय र पहिलो रोजाईको वीमा प्रदायकको रुपमा स्थापित हुने।

### ध्येय

- वीमाको माध्यमबाट देशको आर्थिक विकासका लागि आन्तरिक साधन र पूँजीको परिचालन गर्ने।

### उद्देश्य

- बीमाको वारेमा सचेतना फैलाउने
- बीमाको पहुँचमा बृद्धि गर्दै व्यवसायमा विस्तार गर्ने
- सरल र सुलभ सेवा उपलब्ध गराउने।
- प्रविधिको उच्चतम प्रयोगवाट वीमा वजारमा संस्थाप्रति रहेको विश्वास अभिबृद्धि गर्ने।

### रणनीति

- उपलब्ध स्रोत, साधन र पूँजीको अधिकतम परिचालन गर्ने
- आधुनिक प्रविधिको प्रयोगबाट स्तरीय सेवा प्रवाह गर्ने
- नयाँ बीमा योजनाहरूको सुरुवात गर्ने
- स्थानीय स्तरमा अभिकताहरूको उत्पादन गरी बीमाको पहुँच ग्रामीण तहसम्म पुर्याउने।
- संस्थागत सुशासनमा जोड दिने।

**हालको अवस्था**

| क्र.सं. | विवरण | आ.व. २०७६/७७ |
|---|---|---|
| १ | कुल शाखा संख्या | १४ |
| २ | कर्मचारी संख्या | १०२ |
| ३ | कुल अभिकर्ता संख्या | ६९७० |
| ४ | कुल बीमालेख संख्या | ७००९४५ |
| ५ | खुद विमा शुल्क संकलन(रु.लाखमा) | ७०५०० |
| ६ | विमा कोष (रु.लाखमा) | २६५००० |

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- संस्थानको शाखा कार्यालयहरुको संख्या १४ वटा पुऱ्याई सबै कार्यालयबाट वीमालेख जारी गर्ने व्यवस्था मिलाइएको।
- संस्थानको व्यवसायलाई सरल, सुलभ र पारदर्शी बनाउन नयाँ Web based software मार्फत कारोवार शुरु गरिएको।
- संस्थानको Mobile app तयार गरी कार्यान्वयनमा ल्याइएको, SMS सेवा शुरु गरिएको साथै संस्थानको Website परिमार्जन गरिएको।
- वीमाशुल्क खूद रु. ६ अर्ब ५ करोड संकलन गरी परिचालन गरिएको र रू. २ अर्ब २२ करोड दावी भुक्तानी गरिएको।
- वीमाको क्षेत्रमा महत्वपूर्ण रुपमा लिइएको वीमाकोष बृद्धि गरी करिब रु. २७ अर्ब पुऱ्याइएको तथा सुरक्षित र प्रतिफल प्राप्त हुने गरी लगानी गरिएको।
- गत बर्ष करिब ४४ हजार वीमालेख जारी गरी कूल वीमालेख संख्या ७ लाख २ हजार र अभिकर्ता संख्या ७ हजार पुगेको।
- संस्थानमा वीमाकोषमा रहेको रकम सुरक्षित र अधिकतम प्रतिफलयुक्त क्षेत्रमा लगानीगर्न वीमा समितिको निर्देशन बमोजिम लगानी निर्देशिका बनाई कार्यान्वयन गरिएको।
- वीमा व्यवसायको मेरुदण्डको रुपमा रहेको वीमा अभिकर्ताहरुलाई प्रोत्साहन गर्न अभिकर्ता प्रोत्साहन नीति परिमार्जन गरी लागू गरिएको र अभिकर्ताको तालिमलाई व्यवस्थित गर्न अभिकर्ता आधारभूत तालिम कार्यबिधि तयार गरिएको।
- लेखा परिक्षण सम्पन्न गर्न वीमाङ्कीय मूल्याङ्कन गर्नुपर्ने भएको हुँदा आ.व.२०६९/७० सम्मको वीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन वीमाङ्कीबाट प्राप्त गरी स्वीकृतिका लागि वीमा समितिमा पठाइसकिएको र आ.व.२०७२/७३ सम्मको वीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन विमाङ्कीबाट प्राप्त हुने क्रममा रहेको।
- ग्राहकको माग र वीमा बजारको आवश्यकतालाई मध्यनजर गरी वीमा समितिको स्वीकृति लिई दुर्घटना लाभ सुबिधा रकममा बृद्धि गरी रु. ५० लाख कायम गरिएको तथा घातक रोग पुरक करार शुरु गर्न स्वीकृतिका लागि वीमा समितमा पठाइएको।
- संस्थानको GIC India संगको पुनर्वीमाको हिसाब पेण्डिङ्ग रहेकोमा सन् २०१६ सम्मको हिसाव एकिन गर्ने कार्य गरिएको।

# ६. राष्ट्रिय बीमा कम्पनी लि.

## पृष्ठभूमि

नेपाल सरकारको लगानीमा वि.स. २०२४ साल पौष १ गते राष्ट्रिय बीमा संस्थानको स्थापना भएको थियो। उक्त संस्थानले सोही सालको फाल्गुण ११ गतेदेखि निर्जीवन बीमा व्यवसायको कारोवार शुरु गरेको थियो। २०२५ सालमा राष्ट्रिय बीमा संस्थान ऐन लागु भएपछि राष्ट्रिय बीमा संस्थानमा परिणत भएको थियो। नेपाल सरकारको निर्णय बमोजिम राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभागको काम गर्ने गरी २०७१ साल जेष्ठ २८ मा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको स्थापना भएको थियो। कम्पनीले २०७१ साल असार २७ गते बीमा समितिबाट निर्जीवन बीमकको ईजाजतपत्र प्राप्त गरी २०७१ साल साउन १८ गते देखि निर्जिवन बीमा व्यवसाय संचालन गर्दै आएको छ। निर्जीवन बीमा व्यवसायको इतिहासमा कम्पनीको ५३ बर्ष लामो अनुभब रहेको छ।

## दृष्टिकोण

- कम्पनीलाई नेतृत्वदायी निर्जीवन बीमा कम्पनीमा स्थापित गर्नु।

## अभियान

- सक्षम, प्रतिस्पर्धी एवं बिश्वसनीय बीमकको रुपमा स्थापित भई सन्तुलित आर्थिकका अतिरिक्त बीमाक्षेत्रको बिकास गर्नु।

## उद्देश्य

- निर्जीवन बीमाको माध्यमबाट जनधनको सम्भावित आर्थिक जोखिममा वित्तीय सुरक्षा प्रदान गर्ने।
- आन्तरिक स्रोत र साधनको परिचालन गरी देशको आर्थिक विकाशमा टेवा पुर्‍याउने।
- विदेशी मुद्राको व्ययभार कम गर्ने।

## मुख्य कार्यहरू

- निर्जिवन बीमा व्यवसाय गर्ने गराउने,
- देश तथा विदेशमा पुनर्विमा व्यवसाय गर्ने गराउने,
- निर्जिवन बीमा व्यवसायका मध्यस्थकर्ताहरू, अभिकर्ता, दलाल, सर्भेयर, लस एड्जस्टर, इन्भेष्टीगेटर आदि नियुक्त गर्ने, गराउने तथा तालिम दिने दिन लगाउने,
- पुनर्विमकको एजेण्ट, प्रतिनिधि वा दलाल भई काम गर्ने तथा विदेशी बीमक कम्पनीको जि.एस.ए. समेत भई कार्य गर्ने,
- व्यवसायबाट प्राप्त आम्दनी उपयुक्त क्षेत्र पहिचान गरी लगानी गर्ने,
- राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुग्ने कृषि, उद्योग, पर्यटन, हाउजिङ्ग तथा वित्तिय लगायत क्षेत्रमा सहायक कम्पनी र अन्य कम्पनीको प्रबर्धकको रुपमा कार्य गर्ने गराउने,
- बीमा तथा पुनर्विमा सम्बन्धमा स्वदेशि तथा विदेशी कम्पनी, व्यक्तिसंग सम्झौता गर्ने, त्यस्ता सम्झौतामा सहभागी हुने, बीमालेख हस्तान्तरण गर्ने तथा आफूले सो अनुसार गर्ने गराउने,
- कम्पनीको उद्देश्य पूरा गर्न भैपरी आउने अन्य आवश्यक कार्यहरू गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- प्रादेशिक हिसाबले सातै प्रदेशमा कम्तीमा एक शाखा कार्यालय संचालनमा रहेका छन्। गत बर्ष जनकपुरमा थप शाखा कार्यालय र पाल्पा, वीरगन्ज र काठमाडौँमा थप उपशाखा कार्यालय बिस्तार गरिएको।
- सम्पत्ति शुद्धिकरणमा वित्तीय लगानी निवारण (AML-CFT) सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिएको।
- इन्स्योर सफ्टवेयर (Ensure Software) को Database को Backup लाई नेपाल सरकारको डाटा बैंक (Government Integrated Data Center-GIDC) मा सुरक्षित गरिएको। कम्पनीको web portal www.rbcl.com.np को सट्टामा www.rbcl.gov.np को संचालन तथा ब्यबस्थापन GIDC बाट हुने ब्यबस्था मिलाईएको।
- इन्ट्रिगेटेड सफ्टवेयर सुधार तथा विस्तार गरी हाल प्रयोगमा रहेको इन्स्योर सफ्टवेयर (Ensure Software) मा स्टक सामाग्रीहरू, जिन्सी सामान तथा भौतिक सामानहरू एकिकृत गर्न शुरु गरिएको छ। त्यसैगरी, कर्मचारीको तलब भुक्तानी (Payroll) र मेशिन हाजिरी (Biometric Attendance) लाई पनि इन्स्योर सफ्टवेयर (Ensure Software) मा एकिकृत गरिएको।
- पुनर्बिमा नीति मार्फत पुनर्बिमा सम्बन्धी पूर्व व्यवस्था (RI Backup) लाई व्यवस्थित गरिएको छ। पुनर्बिमा वा तिनका ब्रोकरहरुसंग व्यवसायिक सम्बन्ध कायम गरी उनीहरुसँग भएको अनुभव र ज्ञानलाई कर्मचारीको दक्षता एवं व्यवसायिक अभिबृद्धिमा महत्तम उपयोग गरिएको।
- स्वरोजगार बीमाको बिगतमा थाँति रहेका आर्थिक वर्ष २०७३/७४, आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ लेखापरिक्षण सम्पन्न भएको। लेखापरीक्षणको बित्तिय बिबरण अनुसार उक्त तीन आर्थिक बर्षहरुको प्राप्त बीमा प्रिमियम रकमको चार प्रतिशत ब्यबस्थापन खर्च बापत राष्ट्रिय बीमा कम्पनी लिमिटेडलाई लाई रु २८,७९,४८९ (अट्ठाइस लाख उनासी हजार चार सय उनान्नब्य) र बीमा कार्य सञ्चालन गरेबापत प्राप्त बीमा प्रिमियम रकमको एक प्रतिशत नेपाल बीमक संघलाई रु ५,४८,७१२ (पाँच लाख अड्चालिस हजार सात सय बाह्र) उपलब्ध गराइएको।
- स्वरोजगार बीमालेख जारी, दाबी फर्स्यौट, दाबी भुक्तानी र बीमाबाट प्राप्त हुने बीमा शुल्कलाई सरल, सहज, छिटो, छरितो र पारदर्शी ढङ्गबाट ब्यबस्थापन गर्न स्वरोजगार कम्प्यूटर सफ्टवेयर निर्माण गरी पुरानो प्रयोगमा रहेको सफ्टवेयरमा भएको डाटाहरुलाई नयाँ सफ्टवेयरमा स्थानान्तरण गरिएको।
- हिसाव मिलानको सिलसिलामा प्राप्त विवरणहरु तथा भौचरहरुका आधारमा लेखाङ्कन गर्न सकिने हिसाबहरुको भौचरहरु तयार गरी तथा बैंक हिसाब मिलान नभएका वा आंशिक हिसाव मिलान भएका बैंकहरुको रिकन्सिलेसन अद्यावधिक कार्य सम्पन्न भएको छ। साथै, बैंक रिकन्सिलेसन र प्राप्त विवरणहरु तथा भौचरहरुका आधारमा लेखाङ्कन गर्न सकिने जति लेखाङ्कन लेजरहरुमा समायोजन पछि हिसाव मिलान हुन बाँकी खूद रकमको आकार घटाईएको।
- कम्पनीको शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूलाई बीमालेख, बीमा दाबी र सूचना प्रबिधिको प्रयोग सम्बन्धी तालिम सम्पन्न गरिएको छ। अभिकर्ता, सर्भेयर र सर्वसाधारणहरुमा बीमा सम्बन्धी जनचेतना मुलक तालिम तथा कार्यक्रमहरु सम्पन्न गरिएको छ। डोटीमा अभिकर्ता आधारभूत तालिम सम्पन्न गरिएको छ भने काठमाडौं उपत्यका भित्र अभिकर्ताहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

## ७. नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

### दूरदृष्टि

उच्चस्तरीय व्यवसायिक तथा छिटो सेवा प्रदान गर्दै एशियाको छनौटयुक्त विश्वसनीय पुनर्बीमकको रुपमा स्थापित हुने।

### लक्ष्य

गुणस्तरयुक्त र छिटो छरितो सेवा पस्कदै आफ्ना मूल्यवान ग्राहकलाई जुनसुकै समयमा बीमायुक्त जोखिम स्वीकार गर्न सहज बनाउँदै प्रतिबद्ध र दीगो ग्राहक केन्द्रित सेवा अभिबृद्धि गर्ने र अन्ततः आफ्ना लगानीकर्तालाई सन्तोषजनक प्रतिफल दिँदै राष्ट्र निर्माणमा सरकारको बाहक बन्ने।

### मूलभूत मान्यता

- उत्तरदायी
- सर्वोत्तम सेवा
- साझेदारी
- ज्ञान आदानप्रदान
- सदाचारिता
- जवाफदेहिता
- दीगोपन

### उद्देश्य

- प्रचलित कानूनको अधीनमा रही पुनर्बीमा तथा बीमा व्यवसाय गर्ने,
- विभिन्न जोखिम समूहको बीमा, पुनर्बीमा तथा बीमा दावि भुक्तानी व्यवस्था मिलाउन गठन हुने बीमा पुल (सामुहिकीकरण) को स्थापना तथा व्यवस्थापन गर्ने गराउने,
- पुनर्बीमा तथा बीमा व्यवसायबाट प्राप्त हुन आउने पुनर्बीमा तथा बीमाशुल्क सृजित बीमाकोषमा जम्मा हुने रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्ने,
- विभिन्न कम्पनीहरूको सस्थापक भई वा नभई शेयरमा लगानी गर्ने गराउने,
- स्वदेशी तथा विदेशी बीमकहरूले गरेको बीमा तथा पुनर्बीमा व्यवसायको आफूले ग्रहण गरेको बीमा तथा पुनर्बीमामा आफूले धारण गर्ने भन्दा बढी जोखिम पुनर्बीमा (Retrocession) गराउने,
- सम्वन्धि निकायको स्वीकृति लिई स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरूसँग आवश्यकतानुसार पुनर्बीमा ब्रोकरहरूको सेवा लिई वा सोझै वा संयुक्त रुपमा वा छुट्टा छुट्टै पुनर्बीमा गर्ने गराउने,
- शेयर पूँजी, पुनर्बीमा तथा बीमाशुल्क, व्याज र अन्य आय वापत प्राप्त रकम विभिन्न चल तथा अचल सम्पत्तिमा लगानी गर्ने, बिक्री गर्ने तथा यस्तै प्रकारका व्यवसाय गर्ने अन्य सहायक कम्पनी स्थापना गर्ने,
- आफूले ग्रहण गरेको पुनर्बीमा तथा बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएका दावी एवं व्यवस्थापन गरेका बीमाकोष अन्तर्गत उत्पन्न हुने दावि भुक्तानी सम्वन्धी कार्य गर्ने,
- बीमकहरूले गरेको बीमा व्यवसाय अन्तर्गतको प्रत्यक्ष हिस्सा (Direct Cession) ग्रहण गर्ने,

- पुनर्बीमा तथा बीमा क्षेत्रका विभिन्न बिषय तथा जोखिम समूहरूको पहिचान, बिश्लेषण, मापन, अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने,
- पुनर्बीमा तथा बीमा सम्वन्धी बिषयहरूमा आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कार्यशाला, गोष्ठी, सेमिनार, तालिम सञ्चालन गर्ने गराउने,
- प्रचलित कानूनको अधीनमा रही कम्पनीमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गर्ने तथा संयुक्त लगानी सम्झौता (Joint Venture Agreement) गर्ने,

**रणनीति**

- सेवाको विकास,
- अन्तर्राष्ट्रिय ब्यापार विस्तार,
- पूर्वाधार तथा क्षमता विकास,
- प्रक्रियाको अनुकुलन,
- सामाजिक पहल,
- सुशासन
- जोखिम व्यवस्थापन।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- **चुक्ता/जारी पूँजीः रु.** १० अर्व।
- **कुल लगानी रकमः रु.** १५.५० अर्व।
- **सर्वसाधारणमा सार्वजनिक निष्काशन (IPO):** कम्पनीको जारी पूँजीको १६ (सोह्र) प्रतिशत अर्थात १,६०,००,००० (एक करोड साठी लाख) कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन (IPO) बाँडफाँट सम्पन्न गरी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अभौतिकीकरण र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण कार्य सम्पन्न भई स्टक कारोवार भइरहेको।
- **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बीमक तथा पुनर्बीमकसंगको सम्बन्ध विस्तार र ब्यवसाय प्रवर्द्धनः** स्वदेशी बीमकहरुसंगको ब्यावसायिक सम्बन्ध विस्तार गर्दै जाने तथा अन्तर्राष्ट्रिय बीमक, पुनर्बीमक, तथा अन्य संघ संस्थाहरुसंग सम्बन्ध बिस्तार गर्ने लगायत अन्तर्राष्ट्रिय मुलुकहरुको पुनर्वीमा ब्यवसाय बृद्धि गर्दै गएको।
- **जोखिम ब्यवस्थापनः** स्वदेशी बीमकहरुवाट र अन्तर्राष्ट्रिय बीमक तथा पुनर्बीमकवाट प्रस्ताव गरिएको वा प्राप्त पुनर्बीमा ब्यवसायको उचित रुपले जोखिम ब्यवस्थापन गर्ने र प्रतिस्पर्धीवाट वा आन्तरिक र वाह्य पक्षवाट हुन सक्ने जोखिमहरुको उचित रुपले ब्यवस्थापन गर्ने गरिएको छ। कम्पनीको पूँजीकोषलाई आधार मानि अन्तर्राष्ट्रिय मुल्य र मान्यताको आधारमा धारण क्षमता (Retention Capacity) निर्धारण गरी सो भन्दा वढीको अनिवार्य रुपले Retrocession गर्ने गरिएको।
- **दाबी भुक्तानीः** दाबी भुक्तानी छिटो र समयमा गर्ने तथा भुक्तानी हुन बाँकी दाबीको संख्या र दाबी रकम यथासम्भव कम गर्ने गरिएको।
- **शेयरधनीको लगानीमा प्रतिफलको सुनिश्चितताः** शेयरधनीलाई उनीहरुको लगानीमा उचित प्रतिफलको सुनिश्चितताको लागि उल्लेख्य लाभांश उपलब्ध गराउन वितरण योग्य नाफा करिव २५ प्रतिशत रहेको।

- **भवन निर्माणः** काठमाडौं महानगरपालिका वडा नं. ३१, तिनकुनेमा कम्पनीको ब्यावसायिक-कर्पोरेट भवन निर्माणको नक्सा, डिजाइन तथा स्ट्रक्चर काठमाडौं महानगरपालिकावाट स्वीकृत भईसकेकोले तोकिएको समय सिमा भित्र निर्माण कार्य गर्ने सम्पन्न गरिने।
- **मानव संसाधनको बिकास तथा पदपुर्तिः** अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्नका लागि कम्पनीलाई आवश्यक जनशक्ति ब्यवस्थापन गर्न, पदपुर्ती, Training Calendar तयार गर्न, तालिम तथा सेमिनार, वृत्ति विकास र Successor को ब्यवस्था गर्ने गरिएको।
- **अनुसन्धान तथा विकास (R&D) तथा ब्यवस्थापन सूचना प्रणाली (MS) गठनः** अनुसन्धान तथा विकास (R&D) तथा ब्यवस्थापन सूचना प्रणाली (MIS) गठन गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य र मान्यताको आधारमा स्वदेशी बीमा बजारलाई प्रवद्धन गर्ने रणनीति लिई आवश्यक सूचनाहरु संकलन, अनुसन्धान र विकाश गर्ने गरिएको।
- Credit Rating: अन्तर्राष्ट्रिय स्तरको Credit Rating Process सन 2020 सम्म शुरुवात गर्ने। बीमा समितिवाट निर्धारण गरिएको न्युनतम Rating लाई समेत आधार मानी राम्रो Credit Rating स्तर प्रास गर्न आवश्यक सम्पुर्ण सूचकहरु (Indicators) राम्रो बनाउने कार्यको शुरुवात भएको छ। सर्वसाधारणमा सार्वजनिक निष्काशन (IPO) प्रयोजनको लागि ICRA Nepal Limited बाट ICRANP IPO Grade 2 प्रास भएको।

## ८. नेपाल स्टक एक्सचेन्ज लिमिटेड

पूँजी बजारको संस्थागत विकासका लागि धितोपत्र विनिमय बजारको रूपमा काम गरी आन्तरिक पूँजीको परिचालनमा गतिशिलता, तरलता र सुलभता ल्याउंदै लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्रको स्वस्थ कारोवारका लागि आवश्यक प्रबन्ध मिलाउने समेतका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडको स्थापना भएको हो। निजी क्षेत्रका औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरूको विकासमा सघाउ पु¥याई त्यस्ता संगठित संस्थाहरूको स्वामित्वमा जन सहभागिता अभिवृद्धि हुने अवसरहरूको सृजना गर्ने गराउने कार्यमा महत्वपूर्ण भूमिका विर्वाह गरिरहेको छ।

### स्थापनाको कानूनी आधार

- कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित
- स्थापना भएको मिति : वि.सं. २०५० जेष्ठ ११

### दीर्घकालीन सोच

- पूँजी बजारको विकास

### उद्देश्य

- पूँजी बजारको संस्थागत विकासका लागि धितोपत्र विनिमय बजारको रूपमा कार्य गरी आन्तरिक पूँजीको परिचालनमा गतिशिलता तरलता र सुलभता ल्याउने।
- धितोपत्रहरूका स्वस्थ कारोबारका लागि आवश्यक व्यवस्था मिलाउने।

### लक्ष्य

- सरकारी तथा संस्थागत ऋणपत्र, शेयर तथा अन्य धितोपत्रहरूको सूचिकरण गर्ने।

- सूचिकृत धितोपत्रहरूको कारोबर गर्न आवश्यक भौतिक तथा पूर्वाधारको व्यवस्था गर्ने तथा बजार मध्यस्थकर्ताद्वारा धितोपत्रको कारोबार गराउने।
- सूचीकृत धितोपत्रहरूको दोस्रो बजार कारोबार प्रचलित नियम कानून अनुरूप भए नभएको सुनिश्चितताका लागि सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- आ.व. २०७६/७७ मा प्राथमिक निष्कासन मार्फत ८ कम्पनीको २२ करोड ८१ लाख ५५ हजार कित्ता सेयर सूचीकरण भएको छ। यसैगरी ९६ कम्पनीको ४१ करोड ९१ लाख ३३ हजार कित्ता बोनस सेयर सूचीकरण भएको छ भने १५ कम्पनीको ४ करोड ९० लाख २३ हजार कित्ता हकप्रद सेयर सूचीकरण भएको छ। यस अवधिमा १७ कम्पनीको ३ करोड ३६ लाख ८१ हजार कित्ता संस्थागत ऋणपत्र सूचीकृत भएका छन्। यसैगरी, ६ वटा म्युचुअल फन्डका ५७ करोड ४५ लाख कित्ता इकाई सूचीकृत भएका छन्।
- ओ.टि.सि.बजारमा आर्थिक वर्ष २०७६/७७ मा १९ कम्पनीको २२८ वटा कारोबारबाट कुल रु. १ अर्ब ८९ करोड ६ लाख बराबरको कारोबार भएको छ। यस बजार मार्फत जम्मा रु. २८ लाख ३६ हजार नेप्से कमिसन, रु. २ लाख ८३ हजार सेबोन कमिसन तथा रु. ३२ लाख ६० पूँजीगत लाभ कर प्राप्त भएको छ।
- संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधि, २०७६ तर्जुमा गरिएको। क्यान्सर विरुद्ध चेतनामूलक अभियान तथा कोभिड रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी सरकारी कोषमा आर्थिक सहयोग प्रदान गरिएको।
- नेप्सेको IT Policy, Data Usage Policy र TMS API policy तर्जुमा गरिएको।
- नयाँ वित्तीय औजार (Index Based Future, Stock Based Future) विकासका लागि अध्ययन प्रतिवेदन तयार गरिएको।
- नेप्से परिसूचक पुनर्संरचना सम्बन्धी अध्ययन कार्य अगाडी बढाइएको।
- नागरिक स्टक डिलर कम्पनीलाइ धितोपत्र व्यापारीको अनुमति पत्रका लागि नेपाल धितोपत्र बोर्डमा सिफारिस गरिएको।

## ९. सि. डि. एस. एण्ड क्लियरिङ लिमिटेड

धितोपत्रको केन्द्रिय निक्षेप, राफसाफ तथा फछ्यौंट सम्बन्धी कार्यका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडको शत प्रतिशत लगानीमा सी डि एस एण्ड क्लियरींग लिमिटेडको स्थापना भएको हो। कम्पनी ऐन, २०६३ बमोजिम संचालन भइरहेको यस कम्पनीले धितोपत्रहरूको अभौतिकीकरण गरी केन्द्रिय निक्षेप प्रणालीमा सुरक्षित ढंगबाट अभिलेख राख्ने, धितोपत्रको स्वामित्व र हक हस्तान्तरण गरी सो को अभिलेख राख्ने लगायतका कार्यहरू गर्ने गर्दछ। धितोपत्रको कारोवारमा सहजता एवं विश्वसनीयता अभिबृद्धि गर्ने गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

**स्थापनाको कानूनी आधार**

- कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भएको

- स्थापना मिति : २०६७ साल पौष ७ गते

**दीर्घकालीन सोच**

- अन्तर्राष्ट्रिय स्तरमा प्रतिपादित मापदण्ड तथा अभ्यास अनुरूप निक्षेप, कस्टोडियन र राफसाफ तथा फछ्र्यौंट सम्बन्धी प्रगतिशील तथा दीगो सेवा प्रदान गर्ने संस्थाको रूपमा नेतृत्व गर्ने।

**उद्देश्य**

(क) शेयर डिवेन्चर, ऋणपत्र, स्टक, दायित्वपत्र (obligation) तथा अन्य धितोपत्र जिम्मामा लिने, धितोपत्र र धितोपत्र कारोबार (Transaction) को विद्युतीय रूपमा अभिलेख राखी धितोपत्रको स्थिरिकरण (Immobilization) तथा प्रमाणपत्र रहित कारोबार प्रणाली (Dematerialization) सहज गर्ने लगाएतका धितोपत्र राफसाफ, फछ्र्यौंट जस्ता कार्य गर्ने केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने प्रणालीको स्थापना, संचालन तथा व्यवस्थापन गर्ने,

(ख) शेयर डिवेन्चर, ऋणपत्र, स्टक, दायित्वपत्र (Obligations) तथा धितोपत्र तथा नगदको अभिलेख प्रणाली स्थापना गरी विद्युतीय रूपमा धितोपत्रको स्वामित्व हस्तान्तरण तथा नगद कारोबार संचालन सहज गराई लिखतहरू (Documents) भौतिक रूपमा प्रयोग नगरी कारोबारका तोकिएका पक्षहरू बीच धितोपत्र र नगद कारोबारको स्वचालित फछ्र्यौंट प्रणाली स्थापना गर्ने र धितोपत्र र नगद भुक्तानी एकै साथ हुने आधारमा कारोबारबाट सिर्जित धितोपत्र तथा नगद लेनदेन हनेगरी राफसाफ तथा फछ्र्यौंट हुने व्यवस्था गर्ने।

**कार्य**

(क) कुनै कारोबार गरेबापत भुक्तानी लिनुपर्ने तथा दिनुपर्ने पक्षहरूको तथा बैंक तथा वित्तीय संस्थाहरूको Inter Banking कारोबारको हिसाब समेत क्लियरिङ्ग हाउस मार्फत् लेनदेन गरी दायित्व सम्पन्न गरिदिने कार्य गर्ने,

(ख) प्रभावकारी विद्युतीय संपर्कयन्त्र निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा स्टक एक्सचेन्ज लगायत हस्तान्तरण प्रतिनिधिहरूसंग स्थापना, संचालन तथा व्यवस्थापन गर्ने,

(ग) कम्पनीले लिएका सम्पूर्ण धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने तथा लगानीकर्ताको माग अनुसार भौतिक प्रमाणपत्र प्राप्त गर्न सक्ने विकल्प समेत प्रदान गर्ने,

(घ) कम्पनीले सदस्यता प्रदान गरेका निक्षेप सदस्यहरू मार्फत् सेवाग्राही (Beneficiaries) लाई प्रभावकारी विद्युतीय धितोपत्र निक्षेप तथा नामसारी सुविधा उपलब्ध गराउने,

(ङ) धितोपत्र बजारमा कारोबार सम्पन्न भई राफसाफ तथा फछ्र्यौंटका लागि प्राप्त धितोपत्रहरूको हस्तान्तरण/भुक्तानी एकै साथ हुने गरी राफसाफ तथा फछ्र्यौंट सम्बन्धी कार्य गर्ने,

(च) सामुहिक लगानी कोष (Mutual Fund), ऋणपत्र (Bond)/ Debentures आदिको रकम फिर्ता भुक्तानी गर्ने खाता बन्द गर्ने,

(छ) Dematerialized खाताहरूको मनोनयन सुविधा, ठेगाना परिवर्तन आदि गर्न सक्ने,

(ज) निक्षेप भएको धितोपत्रलाई धितोबन्धकमा राख्न पाउने सुविधा उपलब्ध गराउने वा उक्त धितोपत्रलाई रोक्का राखिएको अभिलेख गर्ने,

(झ) निक्षेप भएका धितोपत्रहरूका सम्बन्धमा निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार लगायत हस्तान्तरण प्रतिनिधिलाई ऐन, नियमका अधिनमा रही निर्देशन निर्देशिका, विनियम तथा कार्य संचालन निर्देशिका जारी गरी लागू गर्ने तथा सूचना प्रवाह गर्ने,

(ञ) निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार लगायत हस्तान्तरण प्रतिनिधिको सुपरिवेक्षण तथा अनुगमन गर्ने, निरीक्षण, प्रवेश दर्ता, निलम्बन तथा सदस्यता खारेजी गर्ने,

(ट) आफूले निक्षेप लिएको सम्पूर्ण धितोपत्रहरूको हिसाब खाता, तथ्याङ्क सूचना सुरक्षित रूपमा राख्ने व्यवस्था गर्ने,

(ठ) लगानीकर्ताको विद्युतीय खाता खोल्ने र सम्बन्धित पक्षको माग अनुसार खाता सम्बन्धी विवरण उपलब्ध गराउने,

(ड) आफूसंग निक्षेप भएका धितोपत्रको हस्तान्तरणका लागि प्रमाण तथा सुविधा दिन आवश्यक पद्धतिको स्थापना तथा संचालन गर्ने,

(ढ) निक्षेप सेवालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार अन्य पद्धतीको विकास गर्ने,

(ण) धितोपत्र संग सम्बद्ध अन्य संघसंस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने,

(त) निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा स्टक एक्सचेन्ज लगायत हस्तान्तरण प्रतिनिधिहरूले बुझाउनुपर्ने धरौटी, शुल्क तथा दस्तुर तोक्ने,

(थ) केन्द्रीय निक्षेप सम्बन्धी कार्य संचालन गर्ने क्रममा हितग्राहीलाई पर्न सक्ने जोखिम कम गरी हितरक्षा गर्न बीमा लगायतका अन्य पर्याप्त सतर्कता अपनाउने,

(द) निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार लगायत हस्तान्तरण प्रतिनिधिहरूको लापरवाहीले हितग्राहीलाई पर्न गएको क्षतिपूर्ति वा सम्बन्धित पक्षबाट असुलउपर गरी उक्त क्षतिको पूर्ति गर्ने,

(ध) धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदायकका लागि ऐन, नियम अनुसार कानूनी तथा नियमन निकायले तोके वा स्वीकृति दिए बमोजिम अन्य काम गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- एसिया प्रशान्त क्षेत्रमा रहेका केन्द्रीय निक्षेप कम्पनीहरु र राफसाफ गर्ने निकायहरुबीच आपसी सहयोग प्रवर्द्धन गर्ने र सूचना आदान प्रदान गर्ने उद्देश्यले स्थापना भएको छाता संगठन Asia-Pacific Central Securities Depository (ACG) ले हरेक वर्ष नियमित रुपमा वार्षिक साधारण सभा, Cross Training Seminar जस्ता कार्यक्रमहरु आयोजना गर्ने गर्दछ। यस्ता कार्यक्रमहरु प्रत्येक वर्षसदस्य राष्ट्रहरुमा पालैपालो आयोजना हुने गर्दछ। यस लि. उक्त संगठनको सदस्य हो। सदस्य भएको हैसियतले उक्त संगठनको २३ औं वार्षिक साधारण सभा आयोजना गर्न यस लिमिटेडलाई छनौट गरिएकोमा सन् २०१९ सेप्टेम्बर ९ देखि सप्टेम्बर १२ सम्म सफलतापूर्वक उक्त साधारण सभा सम्पन्न गरेको छ। उक्त वार्षिक साधारण सभामा २३ वटा राष्ट्र सदस्यहरुबाट ९४ जना प्रतिनिधिहरुले सहभागिता जनाएको।
- धितोपत्रको दोस्रो बजारमा निश्चित रकम भन्दा बढी कारोबार गर्ने लगानीकर्ताहरुको स्थायी लेखा नम्बर सहितको विवरण यस लि. को राफसाफ प्रणालीमा आवद्ध गर्न यस लि. को राफसाफ प्रणाली केन्द्रीय निक्षेप प्रणालीसंग आबद्ध गराएको र केन्द्रीय निक्षेप प्रणालीको हितग्राही खातामा स्थायी लेखा नम्बर प्रविष्टि गर्ने व्यवस्था भएको हुँदा निक्षेप सदस्य तथा लगानीकर्ताहरुलाई सो विवरण अद्यावधिक गर्न जानकारी गराएको।

- पूँजीगत लाभकरको गणना भारित लागत विधिबाट गणना यस लि. ले चालू आर्थिक वर्षो श्रावण १ गतेदेखि सुरु गरेको र उक्त प्रकृयालाई थप सहज गर्नका लागि यस लि. ले मेरो शेयर सफ्टवेयरमा समेत प्रविष्टि गर्न मिल्ने व्यवस्था गरेकोमा मिति २०७६।०६।२६ गते तयार गरेको मेरो शेयर सफ्टवेयर मार्फत गर्ने लागू गरिएको। प्रत्येक लगानीकर्ताले प्रविष्टि गरेको भारित औसत लागत राफसाफ सदस्यले राफसाफ प्रणालीमा प्रत्येक लगानीकर्ताको अपलोड गर्ने विधिलाई ब्याच अपलोडमा स्तरोन्नती गरिएको छ। साथै शेयर लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिलाई लाग्दै आएको कर ५ प्रतिशत कायम गर्ने सम्बन्धमा मिति २०७६ श्रावणदेखि यस लि. को प्रणालीमा सोही बमोजिम लागू गरिएको।
- धितोपत्र केन्द्रीय निक्षेपको लागि प्रयोग गर्दै आएको Central Depository Accounting System(CDAS) सफ्टवेयर Desktop Based रहेको र सो सफ्टवेयरलाई थप प्रविधियुक्त बनाई सहजता र प्रभावकारिता ल्याउन Web Based मा परिमार्जन गर्न सफ्टवेयर प्रदायक कम्पनी TATA Consultancy services ltd. संग सम्झौताf भएको र उक्त कम्पनीबाट परिमार्जनको कार्य सम्पन्न भई परीक्षणको लागि दिएकोमा यस लि. को आई.टी. टोलीबाट परीक्षण कार्य समेत सम्पन्न भई केही निक्षेप सदस्यहरु मार्फ् लागू गरिएको।
- राफसाफ प्रत्याभुति कोष Settlement Guarantee Fund को स्थापना गर्न नेपाल स्टक एक्सचेन्ज लि.का प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सिडिएससिका प्रमुख कार्यकारी अधिकृत समेतको सदस्यता रहने गरी गठित राफसाफ कोष संचालन तथा व्यवस्थापन समिति मार्फत Settlement Guarantee Fund स्थापना भई सो को संचालनका लागि श्री सिद्धार्थ बैंक लि.मा बैंक खाता खोलिएकोमा यस लि. बाट आ.व. २०७५।७६ मा रु. पाँच लाख रकम जम्मा गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०१।२४ को निर्णयबाट लकडाउनलाई केही खुकुलो बनाउँदै धितोपत्र बजार मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्य अर्न्तर्गत गरेको व्यवस्था कार्यान्वयन गर्न निर्देशन भएकोमा सम्पूर्ण कारोबार विद्युतीय माध्यमबाट गर्न लगानीकर्तालाई प्रोत्साहन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट सो सम्बन्धमा विनियमावली उपर स्वीकृति प्रदान भई हितग्राही खाताको अनलाइन सुविधा लिने लगानीकर्तालाई मिति २०७७ आषाढ मसान्तसम्म अनलाइन सुविधा शुल्क पूर्ण रुपमा छुट दिइएको।
- नेपाल सरकारबाट लकडाउनको अवधिमा आर्थिक गतिविधिसंग सम्बन्धित निश्चित उद्योग व्यवसाय संचालन गर्न दिने निर्णय संगै बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारी मार्फत अति आवश्कीय सेवा प्रवाह गर्न निर्देशन भएसंगै नेपाल धितोपत्र बोर्डबाट लगानीकर्तालाई Mero Share को अनलाइन सुविधा लिई अनिवार्य रुपमा EDUA मार्फत राफसाफ गर्ने व्यवस्था गर्न निर्देशन भए बमोजिम लागू गरिएको।
- कोरोना भाइरस (कोभिड-१९) को विषम परिस्थितिमा बैंक तथा वित्तीय संस्थाले डिजिटल कारोबारलाई प्रोत्साहन दिंदै आएकोमा पूँजी बजारमा समेत सो डिजिटल कारोबारबाट रकम भुक्तानी गर्ने व्यवस्था सुचारु गर्नका लागि यस लि. ले प्रदान गर्दै आएको "मेरो शेयर" सेवाको नवीकरण शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गर्नको लागि Mero share Application मा आवश्यक परिमार्जन गरी सो शुल्कको भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था (इ-सेवा, खल्ती, आइपिएस जस्ता) सँग समन्वय गरी चरणबद्ध रुपमा लागू गरिएको।

- प्रत्येक निकायमा दर्ता भएपश्चात् लगानीकर्ताहरुले सो कम्पनीसंग सम्बन्धित KYC फाराम भरेर बुझाउनु पर्ने झन्झटलाई निराकरण गर्न यस लि. ले तयार गरिएको Centralized Know Your Customer सफ्टवेयरको परीक्षण गरी निक्षेप सदस्यहरु मार्फत परीक्षणका रुपमा मिति २०७६।०१।२५ गतेदेखि प्रयोगमा ल्याइएको। हालसम्म कूल ९ निक्षेप सदस्यबाट कूल २६,५४६ हितग्राही खाता खोलिएकोमा ती मध्ये KYC सफ्टवेयर प्रयोग गरी जम्मा १८५ जना हितग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गरी खाताहरु खोलिएको।
- निक्षेप सदस्यको सुपरिवेक्षण म्यानुअल, २०७६ तयार गरी कूल ४७ वटा निक्षेप सदस्यको कार्यालय र शाखामा सुपरीवेक्षण समेत गरिएको।
- थप ८ कम्पनीसंग धितोपत्र अभौतिकीकरणका लागि दर्ता सम्झौता गरिएको, १८ वटा कम्पनीहरुको ऋणपत्र दर्ता भएको र ६ वटा सामूहिक लगानी कोष दर्ता भएको।
- थप ४ कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरी कूल ७६ वटा निक्षेप सदस्यहरुबाट ७७ वटा जिल्लाहरुबाट निक्षेप सेवा प्रदान गर्दै आएको।
- दुई प्रदेशका विभिन्न स्थानहरुमा नेपाल स्टक एक्सचेन्ज लि. को संयुक्त आयोजनामा सचेतना कार्यक्रम आयोजना गरिएको।
- आ.व. २०७६/७७ को अन्त्यसम्म अनलाइन पार्टल "मेरो शेयर" को प्रयोगकर्ताको संख्या ७ लाख ४१ हजार ८ सय ६८ पुगेको।

## १०. कर्मचारी सञ्चय कोष

नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरू अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न कर्मचारी संचयकोषको स्थापना भएको हो।

### स्थापनाको कानून आधार

- कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित
- वि.स. २०१९ साल भदौ ३१ गते स्थापना भएको

### दीर्घकालीन सोच

- राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने।

### उद्देश्य

कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार नेपाल सरकार एवम् संगठित संस्थाका कर्मचारीहरू र अन्य कर्मचारीहरूको निमित्त सञ्चय कोषको व्यवस्थापन गर्नु कोषको प्रमुख उद्देश्य हो।

### कार्य

कर्मचारी सञ्चय कोष ऐनले निर्दिष्ट गरेको उद्देश्य पूरा गर्न कोषले देहायका कार्यहरू सम्पादन गर्दछ :

- सञ्चयकर्ताको नाममा कट्टी भएको कोष रकमको व्यवस्थापन।
- सञ्चयकर्ताको नाममा कोषमा जम्मा हुन आएको रकमको अद्यावधिक लेखाङ्कन।

- उपलव्ध स्रोतलाई कर्मचारी सञ्चय कोष ऐनले निर्धारण गरेका क्षेत्रहरूमा परिचालन।
- स्रोतको परिचालनबाट प्राप्त प्रतिफलअनुरूप सञ्चयकर्ताको खातामा व्याज लेखाङ्कन।
- सामाजिक सुरक्षण संस्थाको हैसियतले क्षमताअनुरूप सञ्चयकर्ताका लागि थप सामाजिक सुरक्षा सुविधाहरूको व्यवस्थापन।
- सेवा निवृत्ति पश्चात सञ्चयकर्तालाई कोषकट्टी रकमको भुक्तानी।
- सञ्चयकर्ताको सेवाकालीन आवश्यकता परिपूर्तिका लागि सापटी सुविधाहरूको व्यवस्थापन।
- कोषका दैनिक कार्यहरूको नियमित सञ्चालन।
- प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न भएपछि कोषको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुतीकरण।

**दीर्घकालीन लक्ष्य**

- प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको प्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने।
- नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने।
- सञ्चयकोष र सामाजिक सुरक्षण सुविधाहरूको व्यवस्थापनद्वारा सञ्चयकर्तालाई सामाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार (A happy big family of satisfied members) बनाउने।
- कोषमा उपलव्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने।

**व्यवस्थापकीय मान्यता**

प्रशासकले देहायका व्यवस्थापकीय मूल्य मान्यतालाई आत्मसात गर्नेछः

(क) निष्पक्षता र तटस्थता,
(ख) जवाफदेहिता र पारदर्शिता,
(ग) सेवाको गुणस्तरमा निरन्तर सुधार,
(घ) कार्यदक्षता र प्रभावकारिता,
(ङ) नतिजा उन्मुख र
(च) सहकार्य र सहभागिता।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- योगदानमा आधारित निवृत्तभरण योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।
- कोषले आ.व. २०७५/७६ देखि राष्ट्रिय बीमा कम्पनी मार्फत सञ्चालन गरेको सञ्चयकर्ता स्वास्थ्योपचार योजना कार्यक्रमलाई यस आ.व.को मंसिर तथा माघ महिनादेखि थप परिस्कृत गरी कोष आफैले सञ्चालन गरिएको।
- कोषका सम्पूर्ण कारोबारहरु एकीकृत कम्प्युटर प्रणालीबाट सञ्चालन गर्ने, विद्युतीय माध्यमको प्रयोग गरी कार्यालयबाटै फाँटवारी पठाउन सक्ने प्रणालीको विकास गर्ने क्रममा नेपाल क्लियरिङ हाउस तथा वाणिज्य बैंकहरुको सहकार्यमा सञ्चयकर्तालाई प्रदान गरिने कर्जा तथा सापटी उनीहरुको खातामा जम्मा हुने व्यवस्था गरी अनलाईन मार्फत समेत सापटीको निवेदन लिई स्वीकृत गर्ने व्यवस्था शुरु गरिएको।
- कोषको  दीर्घकालीन बचतलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्ने गरी सुरक्षा, प्रतिफल एवं दीगोपना सुनिश्चित हुने गरी देशको पुर्वाधार विकासमा परिचालन गर्न ४ वटा सहवित्तीयकरण सहित ५ वटा परियोजनामा लगानी गर्ने निर्णय भई १ वटा परियोजनामा सहवित्तीयकरण लगानी भएको।  साथै, देशको पूँजी बजारको विकासमा सहयोग पुऱ्याउन नेपाल स्टक एक्सचेन्ज, नेपाल इन्भेष्टमेन्ट बैंक लि. तथा सिभिल बैंकको संस्थापक शेयरमा र कृषि विकास बैंकको ऋणपत्रमा लगानी गरिएको।
- सञ्चयकर्ताको आवासको आवश्यकतालाई दृष्टिगत गरी नेपाल सरकार तथा सम्बद्ध निकायहरुको सहयोग तथा सहकार्यमा **सञ्चयकर्ता घरजग्गा कम्पनी** स्थापना गरी आवश्यक कार्य शुरु भएको। साथै, कोषको स्वामित्वमा रहेको सुन्धारा स्थित भवनको विवाद समाधान गरी नयाँ भाडावाललाई ५ वर्षको लागि भाडा सम्झौता सम्पन्न गरी भाडामा प्रदान गरिएको।
- कुल लगानीमा सञ्चयकर्ता सापटीको अनुपात ५० प्रतिशत हाराहारीमा सिमित गरिएको।
- कुल सक्रिय सञ्चयकर्ता मध्ये ५५ प्रतिशतभन्दा बढीले KYC अद्यावधिक गरेको तथा कोषको इ-सर्भिस र मोवाईल एप्सको प्रयोगको लागि प्रवेश प्रदान गरिएको।
- कोषका फाँटवारीहरु संकलनको क्रममा नै बैंकमा जम्मा भएको विवरण भिडान गर्ने व्यवस्था गरी कोषको बैंक हिसाब मिलान कार्यमा थप दक्षता हासिल भएको तथा पुराना आर्थिक वर्षका पेण्डिङ्ग रकममध्ये ८० प्रतिशत हाराहारीमा फछ्र्यौट गरिएको।
- कोषको सूचना प्रविधिलाई अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुको सूचना प्रविधिमा जोडी सूचना आदान प्रदान कार्यलाई सहज गर्न API Gateway निर्माण गरी कार्यान्वयन शुरु गरिएको, बेचालु रकम चाँडो भन्दा चाँडो रकमान्तर गरी फछ्र्यौट गर्न Tool निर्माण गर्नका साथै कार्यविधिको मस्यौदा तयार भएको।
- कोषको संस्थागत सुशासन अभिवृद्धिको लागि प्रशासक तथा विभागीय प्रमुख/शाखा कार्यालय प्रमुख र विभागीय प्रमुख तथा प्रबन्धक तहसम्मका कर्मचारीहरुबीच कार्य सम्पादन सम्झौता भएको, आन्तरिक लेखापरीक्षण कार्यमा बाह्य विज्ञ कर्मचारीको समेत संलग्नता गरिएको, नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम आ.व. २०७५/७६ को थप परिस्कृत वित्तीय विवरण तयार गरी समयमा नै लेखापरीक्षण सम्पन्न गर्नुका साथै अर्थ मन्त्रालयमा विस्तृत वार्षिक प्रतिवेदन पेश गरिएको।

# ११. नागरिक लगानी कोष

देशको आर्थिक विकासको लागि सर्वसाधारण जनतालाई समेत पूँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका अवसरहरू बढाउन तथा पूँजी बजारको विकासमा गतिशिलता ल्याउन नागरिक लगानी कोषको स्थापना भएको हो।

**स्थापनाको कानूनी आधार**

- नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको।
- वि.सं. २०४७ चैत्र ४ मा स्थापना भई वि. सं. २०४८ माघ १ गते देखि औपचारिक रूपमा कारोबार संचालनमा ल्याएको।

**दीर्घकालिन सोच**

"सामाजिक कल्याणका बचत तथा सामूहिक कोष कार्यक्रम सञ्चालन, संकलित कोष रकमको दक्ष लगानी ब्यवस्थापन तथा पूँबजारको क्षेत्रमा अग्रणी संस्थाको रूपमा स्थापित भई राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउने"

**उद्देश्य**

- सामाजिक सुरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरूमा लगानी गर्ने (जलविद्युत क्षेत्र, पूर्वाधार विकास, उत्पादनशील क्षेत्र, पर्यटन तथा निर्यात प्रवर्द्धन, पुंजीबजारका उपकरणहरू)।
- धितोपत्र बजारको कारोबार सन्तुलित बनाउन बजार निर्माताको कार्य तथा शेयरको थोक कारोवार गर्ने।
- सूचना प्रविधिको प्रयोगबाट सहभागीहरूलाई सरल, सुलभ, तथा गुणस्तरीय सेवा प्रदान गर्ने।
- कोषको ऐन, विनियमावली, निर्देशिका तथा कार्यविधिहरू समय सापेक्ष संशोधन तथा तयार गर्ने।

**लक्ष्य**

- विभिन्न प्रकृतिका वचत तथा सामूहिक कोष कार्यक्रमहरूको माध्यमबाट फण्ड वृद्धि गर्ने।
- जोखिम विश्लेषणको आधारमा कोषको लगानी सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी विविधिकरण गर्ने।
- पूँजी बजारको विकास तथा विस्तारमा गतिशीलता ल्याउने।
- दक्ष तथा उत्प्रेरित मानव संसाधनबाट सेवाग्राहीहरूलाई प्रभावकारी सेवा प्रवाह गर्ने।
- नविनतम सूचना प्रविधिको प्रयोगबाट कोषको कार्य सम्पादन स्तरिय बनाउने।

**कार्य**

माथि उल्लेखित दुरदृष्टि तथा लक्ष्यलाई आत्मसात गरी कोषको मुलभुत कार्यहरूलाई अघि बढाउन देहाय बमोजिमका त्रिकोणीय व्यवसायिक खम्बाहरूलाई प्रभावकारी रुपमा परिचालन गर्नेछ।

(क) बचत परिचालनका कार्यक्रमहरुः कर्मचारी बचत बृद्धि अवकाश कोष, उपदान तथा पेन्सन कोष, बीमा कोष कार्यक्रमबाट दीर्घकालिन बचत संकलन गर्ने। नागरिक एकांक योजना, म्यूच्यूअल फण्ड योजनाको माध्यमबाट देशभित्र र देश बाहिरका नेपाली नागरिक लगानीकर्ताहरूबाट बचत बृद्धि कार्यक्रम संचालन गर्ने। लगानीकर्ताहरूको खाता संचालनको माध्यमबाट बचत संकलन गर्ने।

(ख) लगानी व्यवस्थापनः संगठित संस्थाहरूको शेयर, ऋणपत्र तथा सरकारी धितोपत्रमा लगानी गर्ने, शेयर खरिद प्रयोजनमा कर्जा प्रवाह गर्ने, संगठित संस्थालाई निश्चित अवधिको ऋण (Breadge Financing) गर्ने, ग्राहकहरूको लागि आवश्यक आवास कर्जा शैक्षिक कर्जा तथा सरल कर्जा प्रवाह गर्ने, बचतबाट प्राप्त रकमलाई उच्च प्रतिफल प्राप्त हुने गरी सुरक्षित लगानी गर्ने।

(ग) पुँजी बजार सेवाः विभिन्न कोषको नासो संरक्षण सेवाहरू (Trustee Services) को कार्य गर्ने, ऋणपत्र Trustee सेवा प्रदान गर्ने, संगठित संस्थाहरूको सार्वजनिक शेयर निष्काशनको कार्य गर्ने, उक्त निष्काशित शेयरको प्रत्याभुति (Underwriting) सम्बन्धी कार्य गर्ने, सरकारी तथा संगठित संस्थाका सुरक्षणहरू (Securities) को स्टक डिलरको काम गर्ने, विभिन्न संगठित संस्थाहरूको पूँजीको स्वरुप (Capital Structure) सेक्यूरिटिजहरूको मूल्य निर्धारण, कम्पनीहरूको मर्जर तथा एक्वीजिशन लगायतका क्षेत्रहरूमा परामर्श सेवा प्रदान गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- संस्थागत लगानी अभिबृद्धि गर्नको लागि कोषको अगुवाईमा रु.५ अर्ब चुक्ता पूँजी भएको **नागरिक स्टक डिलर कम्पनीको** स्थापना गरिएको।
- स्वरोजगारहरुलाई लक्षित गरी नयाँ कार्यक्रमको रुपमा **नागरिक पेन्सन योजना** घोषणा गरी कार्यबिधि तयार भई कार्यान्वयनमा आएको।
- नागरिक पेन्सन योजनालाई बैदेशिक रोजगारीमा रहेका नेपालीहरुमा पुऱ्याउनको लागि समृद्धि आयोजनासंग सहकार्य अगाडी बढाइएको।
- कोषको कार्यालय भवनको निर्माण करिब ७० प्रतिशत सम्पन्न गरिएको।
- कोषले सञ्चालन गरेका कार्यक्रमहरुमध्ये उपदान कोष, लगानीकर्ता हिसाब र नागरिक एकांक योजना र केन्द्रिय हिसावमा NLK Web Software पूर्ण रुपमा लागू गरिएको तथा अन्य कार्यक्रमहरुमा लागू भईरहेको।
- सहभागी सापटीमध्ये ८० प्रतिशत सापटीको भुक्तानी Connect IPS बाट शुरु गरिएको साथै क्रमशः अन्य कार्यक्रमहरुको बचत संकलन तथा भुक्तानीमा समेत कार्यान्वयनमा ल्याउने प्रकृयामा रहेको।
- कोषको केन्द्रिय हिसावमा NFRS लागू गरिएको।
- आ.व.२०७४/७५ र २०७५/७६ को वार्षिक साधारण सभा सम्पन्न गरिएको।
- नेपाल पुनर्बिमा कम्पनी लगायत अन्य संगठित संस्थाहरुको प्राथमिक शेयरको प्रत्याभूति गरिएको। साथै, पूँजीबजार विकास र स्थायित्वको लागि दोश्रो बजारबाट शेयर खरिद बिक्रीको कार्य प्रारम्भ गरिएको।
- लगानीलाई पारदर्शी तथा व्यवस्थित गर्नको लागि नागरिक लगानी कोष, लगानी नीति २०७५ लागू गरिएको साथै, उपदान कोष योजना र लगानीकर्ता अवकाश कोष योजना, निजामती/सैनिक/नेपाल प्रहरी/सशस्त्र प्रहरी वीमा योजना लगायतका कार्यक्रमहरुको कार्यबिधि संशोधन भई कार्यान्वयनमा आइसकेको।

## १२. निक्षेप तथा कर्जा सुरक्षण कोष

सर्वसाधारणको निक्षेप तथा बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणमा प्रवाह गरेको कर्जाको संरक्षण गरी मुलुकको आर्थिक विकासको निमित्त बैंकिग तथा वित्तीय प्रणाली प्रतिको विश्वसनीयता अभिवृद्धि गर्न तथा

सर्वसाधारणको आर्थिक हित संरक्षण र सम्बर्धन गर्नको लागि निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना भएको हो। शुरुमा तत्कालिन कम्पनी ऐन बमोजिम स्थापना भई निक्षेप तथा कर्जा सुरक्षण निगमको नामबाट संचालित यस संस्था निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ कार्यान्वयनमा आए पछि निक्षेप तथा कर्जा सुरक्षण कोषका रुपमा सञ्चालन हुंदै आइरहेको छ।

### स्थापनाको कानूनी आधार

- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापित।
- **स्थापना भएको मितिः** २०३१/०६/०४ (निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना हुनुपूर्व तत्कालीन कम्पनी ऐन बमोजिम स्थापना भएको।)

### दीर्घकालीन सोच

- निक्षेप तथा कर्जा सुरक्षण कार्यक्रमलाई सक्रिय रूपमा अगाडि बढाउने।

### उद्देश्य

- पिछडिएको क्षेत्र, वर्ग र विपन्न वर्ग सामु बैकिङ्ग पहुँच पुऱ्याउने,
- बैंक तथा वित्तीय संस्थालाई पिछडिएको क्षेत्र, वर्ग र विपन्न वर्गको सामु बैंकिङ सुविधा पुऱ्याउन प्रोत्साहित गर्ने,
- आम जनतालाई बैंक प्रति विश्वास जगाउने,
- बैंक तथा वित्तीय संस्थाहरूले लगानी गरेको विभिन्न कर्जाहरूलाई सुरक्षण प्रदान गर्ने,
- आम जनताको बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेपलाई सुरक्षण प्रदान गर्ने।

### लक्ष्य

- सदस्य संस्थामा रहेको सर्वसाधारणको निक्षेप तथा सदस्य संस्थाबाट प्रवाहित कर्जामा अन्तरनिहीत जोखिम न्यूनीकरण गरी वित्तीय स्थायित्व कायम गर्न सहयोगी भूमिका खेल्ने।

### रणनीति

- कोषलाई प्रचलित अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको स्वायत्त र प्रभावकारी सुरक्षण निकायको रूपमा विकास गर्ने,
- जोखिममा आधारित आन्तरिक नियन्त्रण प्रणाली (Risk Based Internal Control System) लाई थप सुदृढ गर्ने,
- कोषको वित्तीय, सूचना प्रविधि एवं संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- कोषको सेवा विविधिकरण गर्दै पहुँच विस्तार गर्ने।

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- २ करोड ६० लाख २६ हजार ४४२ जना निक्षेपकर्ताको बैंक तथा वित्तीय संस्थामा रहेको रकम रु.६ खर्ब ८९ अर्ब ४८ करोड ९६ लाखको निक्षेप सुरक्षण गरिएको।
- ७ लाख ६५ हजार ३९ जना ऋणीले बैक/वित्तीय संस्थाबाट लिएको कर्जा रकम रु.६१ अर्ब ५८ करोड रकम बरावरको कर्जा सुरक्षण भएको।
- ७८०० जना ऋणीले बैंक/वित्तीय संस्थाबाट लिएको रु.२ अर्ब ९७ करोड रकम बराबरको सहुलियतपूर्ण कर्जाको सुरक्षण भएको।

- बैंक तथा वित्तीय संस्थाबाट लगानी भई खरिद भएको ५९ करोड ३८ लाख बराबरको ९५३८ वटा पशुधनको सुरक्षण भएको।
- निर्यात कर्जा सुरक्षण कार्यक्रमको शुरुवात गरिएको।
- कर्जा सुरक्षण नियमावलीलाई संशोधन गरी कर्जाको सीमा रु.२ करोडबाट बृद्धि गरी रु.३ करोड पुऱ्याउन र सुरक्षण दस्तुरमा नेपाल सरकारले दिने अनुदानलाई ५० प्रतिशत कायम गर्ने व्यवस्था मिलाइएको।
- कोषको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कूल दरबन्दी ८२ पुऱ्याइएको।
- सुशासन निर्देशिका, २०७६, जोखिम व्यवस्थापन निर्देशिका, २०७६ तथा व्यवसाय प्रबर्द्धन कार्यबिधि, २०७६  तयार गरी कार्यान्वयनमा ल्याइएको।
- केन्द्रिय कार्यालय लगायत सबै प्रदेशमा रहेका कोषको शाखा कार्यालयहरु आफ्नै भवन निर्माण गरी कार्यालय सञ्चालन गर्ने उद्देश्यबाट भवन निर्माण कार्यको प्रारम्भ गरिसकिएको।
- कोषको सबै काम कारवाहीलाई व्यवस्थित एवं आधुनिकीकरण गर्न नयाँ Software  निर्माण गरी कार्यान्वयनमा ल्याइएको।
- कोषको निक्षेप सुरक्षण र कर्जा सुरक्षणको आम्दानी र खर्चलाई बेग्लाबेग्लै लेखाङ्कन गरी वित्तीय विवरण तयार गरिएको।

## १३. नेपाल बैंक लिमिटेड

### परिचय

नेपालको पहिलो बैंकका रूपमा बि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएको हो। हाल यो बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालन भइरहेको छ। नेपाल सरकारको अधिकांश लगानी रहेको यस बैंकले आफ्ना शाखाहरू मार्फत देशभरी बैंकिंग सेवा पुऱ्याउंदै आएको छ। नेपालको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छः

### स्थापनाको कानूनी आधार

- साविक नेपाल बैंक कानून वि.सं. १९९४ अन्तर्गत स्थापना भएको यस नेपाल बैंक लिमिटेड कम्पनी अध्यादेश २०६२ बमोजिम मिति २०६३/०१/०५ मा कम्पनी रजिष्टार कार्यालयमा दर्ता भएको।
- स्थापना भएको मितिः  बि.सं. १९९४ कात्तिक ३० गते

### दीर्घकालीन सोच

- सम्पूर्ण जनतामा सरल सुलभ तरिकाले बैकिङ्ग पहुँच पुऱ्याउने र दिगो मुनाफा समेत आर्जन गर्ने।

### लक्ष्य

- आधुनिक बैकिङ्ग सेवा मार्फत बैकिङ्ग सुबिधा पुर्‍याइने लक्ष्य रहेको।

### उद्देश्यहरू

- आगामी ५ बर्ष भित्र तोकिएको न्यूनतम पूँजी तथा खूद सम्पति ( Net worth) को लक्ष्य हाँसिल गर्न केन्द्रित रहने,
- सेवाग्राही तथा बजारको अधिकार बृद्धिमा केन्द्रित रहने,

- बैंकका कर्मचारीहरूको कार्यकुशलता तथा कार्य क्षमता अभिबृद्धिमा जोड दिने,
- बजार सम्बन्धी जोखिम न्यूनिकरणमा जोड दिने,
- विश्वस्तरीय व्यवसायिक अभ्यासलाई आत्मसात गर्ने,
- दीगो मूनाफा बृद्धिमा केन्द्रित हुने।

**१. प्रदेशगत शाखाहरूको विवरण**

| **प्रदेशको नाम** | **शाखा संख्या** |
|---|---|
| प्रदेश नं. १ | ३१ |
| प्रदेश नं. २ | ३३ |
| बागमती प्रदेश | ४८ |
| गण्डकी प्रदेश | २३ |
| प्रदेश नं. ५ | २९ |
| कर्णाली प्रदेश | ८ |
| सुदूर पश्चिम प्रदेश | ७ |
| **जम्मा** | **१७९** |

## आ.व. २०७६/७७ मा हासिल भएका प्रमुख उपलव्धी

- २०७७ असार २१ गतेसम्ममा नेपाल बैंकका ६४ जिल्लामा १८३ शाखाहरु, १२४ एटीएम तथा २७ एक्सटेन्सन काउन्टरहरु संचालनमा रहेका छन्। आ.व.२०७६/७७ को तेश्रो त्रैमासको अन्त्यसम्म बैंकको प्रमुख वित्तीय परिसूचक एवम् स्थिति देहाय अनुसार रहेको छ।

| | |
|---|---|
| अधिकृत पुँजी | रू. १० अर्व |
| जारी पुँजी | रू. ९ अर्व ८१ करोड |
| चुक्ता पुँजी | रू. ११ अर्व २८ करोड (बोनस शेयर समेत) |
| जगेडा कोष | रु. ४ अर्व ७७ करोड |
| पुँजीकोष अनुपात | १५.९ प्रतिशत |
| निष्कृय कर्जा | २.६४ प्रतिशत |
| निक्षेप रकम | रु. १ खर्व २२ अर्व ७० करोड |
| कर्जा रकम | रु. १ खर्व ५ अर्व ८३ करोड |

नोटः अपरिष्कृत तथ्याङ्क

## १४. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

### परिचय

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको देशभर छरिएर रहेको ग्राहकहरूलाई बैंकिङ्ग सेवा पुर्याउदै आएको आधा शताब्दी भन्दा बढीको इतिहास रहेको छ। यो बैंक नेपाल सरकारको पूर्ण स्वामित्वमा बि.स.२०२२ साल माघ १० गते तत्कालिन विशेष ऐन राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१ अन्तरगत स्थापना भएको र वि.स. २०३१ सालदेखि वाणिज्य बैंक ऐन, २०३१ अन्तरगत संचालनमा रहेको थियो। वि.स. २०६३ साल बैशाख ६ गते पब्लिक लिमिटेडको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई हाल बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार “क” वर्गको वाणिज्य बैंकको रुपमा संचालनमा रहेको छ।

यस बैंकले देशका ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरूमा आफ्ना शाखा कार्यालयहरू मार्फत बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ। बैंकले हाल देशका विभिन्न स्थानमा २४० वटा शाखाहरू मार्फत बैंकिङ्ग सेवा प्रवाह गर्दै देशको उत्पादन र रोजगारी सिर्जना लगायतका क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको छ। ग्राहकहरूको माया र विश्वास तथा सरकारको निरन्तरको सहयोग र अरु सबैको सहयोगका कारण आज देशकै सबैभन्दा विश्वसनीय बैंक बन्न सफल भएको छ।

### दूरदृष्टि

राष्ट्रको समृद्धिमा सदैव योगदान गर्दै सबैको सबैभन्दा विश्वासिलो बैंक।

### ध्येय

बृहत संजाल, समाजप्रति उत्तरदायी व्यावसायिक प्रकृया र समानुभुतिक मानव संशाधनका मार्फत वित्तीय पहुंचमा रहेका बाधा/ब्यवधानहरू हटाई हरेकको अधिकतम सम्भाव्यतालाई प्राप्ति गर्न सहयोग गर्दै, र सुरक्षित, नवीनतम र पहुंचयोग्य वित्तीय सेवाद्वारा आम नेपालीको जीवनस्तर अभिबृद्धि गर्न हामी सदैव प्रयत्नरत छौं।

### उद्देश्य

(क) सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न तथा देशमा छरिएर रहेको पुंजीलाई एकीकृत गरी संस्थागत रूपमा लगानी गरी वित्तीय कारोवार मार्फत आर्थिक विकासमा बाणिज्य बैंकको रूपमा सहयोग पुऱ्याउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पु-याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी श्रेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्धन गर्न र सो कार्यको लागि आवश्यक श्रोत साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय मध्यस्थता सम्बन्धी विविध कारोवार संचालन गर्ने,

(ङ) संस्थागत बीमा अभिकर्ताको रूपमा कार्य गर्ने।

**आ.व. २०७६/७७ मा प्राप्त मूख्य उपलब्धी**

- आ.व.२०७६/७७ मा बैंकको प्रमुख वित्तीय परिसूचक एवम् स्थिति देहाय अनुसार रहेको छ।

| | |
|---|---|
| अधिकृत पुँजी | रु. ११ अर्व २० करोड |
| जारी पुँजी | रू. ९ अर्व ४८ करोड |
| चुक्ता पुँजी | रू. ९ अर्व ४८ करोड |
| जगेडा कोष | रू. १४ अर्व ९० करोड |
| पुँजीकोष अनुपात | १२.९९ प्रतिशत |
| निष्कृय कर्जा | ४.७१ प्रतिशत |
| निक्षेप रकम | रू. २ खर्व ३२ अर्व ९८ करोड |
| कर्जा रकम | रू. १ खर्व ५६ अर्व ५२ करोड |

नोटः अपरिष्कृत तथ्याङ्क

- बैंकका नीतिहरू, कार्यविधिहरू र निर्देशिकाहरूको नयाँ निर्माण तथा भै रहेकामा पुनरावलोकन र पुनर्लेखन।
- बैंकको रणनितिक योजना (Strategic Plan) निर्माण, व्यवस्थापन संपरीक्षण (Management Audit), सूचना प्रणाली सम्परीक्षण (IS Audit), मानव संशाधन संपरीक्षण (Human Resource Audit) सम्पन्न।
- बैंकले प्रयोग गरेको कोर बैंकिङ्ग सफ्टवेयर प्रतिस्थापन गर्नका लागि मास्टर डिजिटल रोडम्याप तयार।
- PwC को समन्वयमा जोखिम परिवर्तन योजना (Risk Transformation Project) सम्पन्न।
- goAML सफ्टवेयरका माध्यमबाट अनलाईनरिपोर्टिङ गर्ने व्यवस्था लागू र AML/CFT र परिपालना (Compliance) सम्वद्ध विषयमा उल्लेखनिय सुधार।
- नेपाल सरकारले तोके बमोजिमको विभिन्न क्षेत्रहरूमा ८७३ व्यक्तिलाई रू. ६११० लाख सहुलियतपूर्ण कर्जा लगानी विस्तार।
- बैंकको छरिएर रहेको डाटावेशलाई केन्द्रिकृत गर्ने कार्य अन्तिम चरणमा र चीपमा आधारित कार्ड प्रचलनमा ल्याई म्याग्नेट स्ट्रीपमा आधारित एटिम कार्डलाई विस्थापन गरिएको।

## १५. कृषि विकास बैंक लिमिटेड

शुरुमा राष्ट्रको कृषि विकासमा अझ बढी गतिशीलता ल्याई सर्वसाधारण जनताको आर्थिक हित र सुविधा कायम गर्न र कृषि क्षेत्रलाई प्रभावकारी ढंगबाट पूँजी तथा ऋण उपलब्ध गराउन कृषि विकास बैंकको स्थापना भएको हो। हाल यो बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालन भइरहेको छ। नेपाल सरकारको अधिकांश लगानी रहेको यस बैंकले आफ्ना शाखाहरू मार्फत देशभरी बैंकिंग सेवा पुर्‍याउंदै आएको छ। नेपालको अर्थतन्त्र र खासगरी कृषि क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

नेपाल सरकारको ५१ प्रतिशत स्वामित्व रहेको कृषि विकास बैंक लिमिटेड मुलुकको ७७ वटै जिल्लाका अति विकट र विपन्न वर्गका जनतालाई बैंकिङ्ग सेवा सुविधा प्रवाह गर्न लागि परेको सन्दर्भमा सबैबाट सदा झै सहयोग र सद्भाव पाउने विश्वासका साथ शहरदेखि गाउँसम्मका सबै आदरणीय जनसमुदायलाई यस बैंकको सेवा तथा सुविधाहरूको उपयोग गर्न बिनम्रतापूर्वक निवेदन गर्दै यहाँहरूबाट प्राप्त हुने सल्लाह सुझाव र मार्ग दर्शनलाई बैंकको कार्य योजनामा समावेश गरी देशभर रहेका कार्य सञ्जाल मार्फत तपाईहरूको घर आँगनमा पुऱ्याउने प्रतिवद्धताका साथ तपाई हामी बीचको व्यावसायिक यात्रालाई दिगो एवं भरपर्दो बनाउन बैंक कटिबद्ध छ।

## स्थापनाको कानूनी आधार

- कृषि विकास बैंक एन २०२४ अनुसार स्थापना भइ २०६२ देखी कम्पनी ऐन अनुसार दर्ता भइ बैक तथा वित्तीय सस्था एन अनुसार नेपाल राष्ट्र बैकबाट क बर्गको इजाजत प्राप्त सस्था।
- स्थापना भएको मिति: २०२४/१०/०७

## दीर्घकालिन सोच

सम्पुर्ण बैकिङ्ग सेवा सहित बृहत समुदायमा आधारित शहरदेखी गाउँसम्म सेवा प्रदान गर्ने।

## उद्देश्य

क) गुणस्तरिय बैकिङ्ग सेवा प्रदान गर्ने

ख) बजारमुखी रणनीति अबलम्बन गर्ने

ग) प्रतिस्पधात्मक दीगो प्रतिफल प्राप्त गर्ने

## लक्ष्य

- वित्तीय पहुँच एवं समाबेशिकरणमा विशेष जोड दिदैं वित्तीय साक्षरताका कार्यक्रमहरू संचालन गरी ग्राहक केन्द्रित सेवा प्रदान गर्ने।
- कृषि उर्जा एवं वातावरणमैत्री पूर्वाधारको क्षेत्रमा कर्जा प्रवाह गर्ने।
- नेपाल सरकारको २० वर्षे कृषि रणनीति (एडिसन २०१५-२०३५) अनुरूप आर्थिक वृद्धिलाइ गति दिने, जीवनस्तर माथी उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख दीगो, आत्मनिर्भर, प्रतिस्पर्धी तथा समाबेशी कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउने।
- दीगो एवं समानुपतिक विकासका लागि वातावरण अनुकुल लगानी प्रवर्द्धनमा जोड दिने।
- बैंकको पुँजी तथा वित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली तथा कम्प्लायन्समा राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति अनुरूप एकरूपता ल्याउने।
- पेशागत विशिष्टता तथा संस्थागत सुशासन हासिल गर्न जनशक्ति व्यवस्थापनमा जोड दिने।
- संस्थागत क्षमता तथा प्रभावकारिता वृद्धि गर्न ब्यवसाय संचालन तथा ग्राहक सम्वन्धमा विशिष्टता हासिल गर्ने।

## रणनीति

- जोखिम व्यवस्थापनमा स्थापित नविनतम मुल्य, मान्यता तथा Best Practices को अभ्यास गर्दै नियामक निकायहरूबाट जारी भएका निर्देशनलाइ अवलम्बन गर्ने र जोखिम न्युनिकरणमा ध्यान दिने,

- वित्तीय सुचना प्रणालीलाइ व्यवस्थित गर्ने, बित्तीय स्रोतको अधिकतम परिचालन गर्ने र वित्त तथा लेखा व्यवस्थापनमा प्रभाबकारीता ल्याउने,
- संस्थागत सुशासनका आधारभूत व्यवस्थालाइ प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने,
- प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिने,
- प्रभावकारी रूपमा निक्षेप संकलन तथा परिचालन गर्ने,
- गुणस्तरिय कर्जा प्रवाह गर्ने र निष्कृय कर्जा अनुपातलाइ न्यूनिकरण गर्दै जाने,
- थोक तथा विपन्न वर्ग कर्जा कार्यक्रम संचालन गर्ने,
- गैर-कोषमा आधारित व्यवसाय विस्तार गर्ने,
- बैंकको अल्पकालिन तथा दिर्घकालिन दायित्व समयमा नै भूक्तानी गर्न सक्ने अवस्थामा रहने गरी सक्षमता विकास गर्दै ट्रेजरी व्यावसाय संचालन गर्ने,
- जनशक्ति व्यावस्थापनलाइ सरलीकृत गर्ने, कर्मचारी वृत्ति विकासको कार्यलाइ प्रभाबकारी बनाउने, कर्मचारीको क्षमता अभिबृद्धि गर्दै बैंकको वृहत्तर हितको लागि जनशक्ति परिचालन गर्ने,
- सबै वर्ग तथा क्षेत्रको पहुँच हुनेगरी गुणस्तरिय बैकिङ्ग सेवा विस्तार गर्ने,
- सँस्थागत सामाजिक/ सामुदायिक कार्यक्रमलाइ समुदायमा अधारित रही सँचालन गर्ने,
- ई-बैंकिङ्ग सेवाको गुणस्तर वृद्धि गरी छिटो, छरितो तथा भरपर्दो अत्याधुनिक बैंकिङ्ग सेवा उपलब्ध गराउने,
- सुचना प्रबिधीको उपयोग गर्दै सुचना प्रबिधीको बढ्दो प्रयोगलाई आत्मसात् गर्न तथा बजारमा बिकसित प्रबिधीलाई प्राप्ति र प्रयोग गर्नको लागि नियमित रूपमा सूचना प्रविधीमैत्री बैंकिंङ्ग वस्तु तथा सेवा सम्बन्धी अनुसन्धान गर्ने।

## आ.व. २०७६/७७ मा प्राप्त मूख्य उपलब्धी

| | |
|---|---|
| अधिकृत पुंजी | रू. १८ अर्व |
| जारी पुँजी | रू. १४ अर्व ९९ करोड |
| चुक्ता पुँजी | रू. १४ अर्व ९९ करोड |
| जगेडा कोष | रू. १० अर्व ४४ करोड |
| पुँजीकोष अनुपात | २०.२३ प्रतिशत |
| निष्कृय कर्जा | ३.६५ प्रतिशत |
| निक्षेप रकम | रू. १ खर्व ४३ अर्व ९० करोड |

नोटः अपरिष्कृत तथ्याङ्क

- कूल ३५४४ ग्राहकलाई अनुदान सहितको सहुलियतपूर्ण कृषि कर्जा रु. ७ अर्ब प्रदान गरिएको।
- बैंकको आफ्नै आन्तरिक जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरको प्रविधिमैत्री तालिम प्रदान गरी Core Banking System (CBS) सम्बन्धी सम्पूर्ण प्रविधियुक्त कार्य सम्पन्न गरेको। नयाँ खुलेका शाखाहरु लगायत २८० मध्ये २७७ वटा बैकिङ्ग कार्यालयहरुमा Core Banking System जडान भइ अनलाइन सेवा प्रवाह भइरहेको।
- आ.व. २०७५/७६ को वार्षिक साधारण सभा तोकिएको समयसीमा भित्र सम्पन्न गर्नुका साथै उच्च दरको प्रतिफल यथा समयमा शेयरधनीहरुलाई उपलब्ध गराइएको।

- नियमनकारी निकायले तोकेको समयावधि भित्रै २ अर्व ५० करोडको कृषि विकास बैंक ऋण पत्र, २०८३ जारी गर्न सफल भई सूचिकृत भई दोस्रो बजारमा कारोवार भई रहेको।
- लकडाउन अवधिमा डिजिटल बैंकिङ्ग सेवाको अधिकतम प्रवाहबाट करीव ३ खर्व ५० अर्व बराबरको बैकिङ्ग सेवा गर्न सफल भएको।
- जल विद्युत तथा उर्जामा रु २ अर्व ३६ करोड १६ लाख Consortium कर्जा स्वीकृत गरी ९० परियोजनामा उल्लेख्य लगानी विस्तार गरिएको।
- हालसम्म खेतीयोग्य जमिन भएर पनि प्रयोगमा नरहेको जग्गाको सदुपयोग गर्ने प्रयोजनार्थ लिजमा लिई कृषि उत्पादन गर्न चाहने व्यक्ति, संस्था वा सहकारी मार्फत कर्जा लगानी गर्न लिज फाईनान्सिङ्गको नीतिगत व्यवस्था गरिएको।
- अनलाईन बाट खाता खोल्ने, KYC अद्यावधिक गर्ने, मोवाईल बैकिङ्ग, इन्टरनेट बैकिङ्ग, कनेक्ट आइपिएस, QR Code, RTGS, IPS, CASBA, De-mat, Mero-share लगायतका सूचना प्रविधियुक्त सेवा संचालनमा उल्लेखनीय सफलता हासिल गरेको। अनलाईन मार्फत कर्जा सीमा स्वीकृति तथा प्रवाह गर्न सकिने गरी Document Management System (DMS) को लागि Credit Process Automation Software (CPAS) लाई कार्यान्वयनमा ल्याउने तयारी पूरा भएको। साथै, लेखाङ्कन कार्य केन्द्रीकृत गरी Central Payroll System बाट कर्मचारी करकट्टीको व्यवस्था मिलाई जनशक्ति व्यवस्थापनका कार्य थप सुधार गरिएको।
- G2P Payment अन्तर्गत ९० वटा कार्यालयहरुबाट सामाजिक सुरक्षा भत्ता वितरणको कार्य भईरहेको।
- हिसाव भिडान कार्यलाई अनलाईनबाट नियमित रुपमा हुने व्यवस्था मिलाइएको।

## १६. नेपाल ग्रामीण विकास बैंक

नेपाल ग्रामीण विकास बैंक, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको हो। नेपाल राष्ट्र बैंकबाट (घ) वर्गको इजाजत प्राप्त यस बैंकले हाल कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालन भइरहेको छ। यस बैंकले देश भरका ग्रामीण क्षेत्रमा रहेका विपन्न परिवारलाई कृषि, उद्योग र सेवा व्यवसाय संचालन गर्न स सानो कर्जा प्रबाह गर्दछ। मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट बित्तीय मध्यस्थताको सेवा समेत उपलव्ध गराउंदै आएको छ।

### स्थापनाको कानूनी आधार

- कम्पनी ऐन २०६३ बमोजिम दर्ता भई नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त घ वर्गको वित्तीय संस्था
- स्थापना भएको मिति : २०७१/०४/३०

### दीर्घकालीन सोच

- लघुवित सेवाको माध्यमबाट ग्रामीण बिपन्न परिवारलाई स्वरोजगारको अवसर सिर्जना गरी गरिबी हटाउने।

### उद्देश्य

- लक्षित वर्गलाई बैंकिंग सेवा प्रदान गर्ने।

**लक्ष्य**

- लघुवित्तको माध्यमबाट नेपाल राज्य भरिका ग्रामीण बिपन्नहरूको सामाजिक तथा आर्थिक अवस्था उकास्ने।

**रणनीति**

- वित्तीय संस्थाको निक्षेपकर्ता तथा शयेरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने।

**आ.व.२०७६/७७ मा प्राप्त मूख्य उपलब्धी**

| | |
|---|---|
| अधिकृत पुँजी | रू. १ अर्व |
| जारी पुँजी | रू. ९८ करोड २५ लाख |
| चुक्ता पुँजी | रू. ९८ करोड २५ लाख |
| जगेडा कोष | रू. ६३ करोड ५० लाख |
| पुँजीकोष अनुपात | १०.०८ प्रतिशत |
| निष्कृय कर्जा | ५.०२ प्रतिशत |
| निक्षेप रकम (समूह सदस्यको) | रू. ३ अर्व ६२ करोड |

नोटः अपरिष्कृत तथ्याङ्क

- यस संस्थाको चुक्ता पूँजी २०७६ असार मसान्तसम्म रु.९२ करोड ४२ लाख १५ हजार ६ सय रहेकोमा २०७७ असार मसान्तमा रु.९८ करोड २५ लाख पुग्न गएको।
- यस संस्थाको आ.व.२०७५/७६को वार्षिक साधारण सभा मिति २०७६ पौष २५ गते सम्पन्न गरिएको।
- यस संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरसको नियन्त्रण, क्वारेन्टिन व्यवस्थापन, औषधोपचार, विपन्नलाई खाद्यान्नको व्यवस्था र समस्यामा परेकालाई राहत प्रदान गर्ने प्रयोजनका लागि नेपाल सरकारले स्थापना गरेको कोषमा रु.११ लाख र प्रदेश सरकारहरुले स्थापना गरेको कोषमा प्रत्येक प्रदेशलाई रु.२ लाख ५० हजारको दरले रु.१७ लाख ५० हजार समेत कूल रु. २८ लाख ५० हजार प्रदान गरिएको। यसैगरी, कर्मचारीहरुको तर्फबाट रु. ३४ लाख २३ हजार ६ सय ९८ संकलन गरिएको र उक्त रकम हस्तान्तरणको प्रकृयामा रहेको।
- राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले २०७७ असार मसान्तसम्म नेपाल राज्यका ५७ जिल्लामा कार्यक्रम विस्तार गरिएको।
- मुलुकभरका ७५३ स्थानीय तहमध्ये २०७७ आषाढ मसान्तसम्म ३६६ स्थानीय तहमा कार्यक्रम विस्तार भएको।
- यस संस्थामा २ लाख १६ हजार ८ सय ४३ ग्राहक सदस्यहरु आबद्ध रहेका। यसैगरी, संस्थामा आ.व.२०७६/७७ को आषाढ मसान्तसम्म कूल ऋणी संख्या १ लाख २५ हजार १ सय ९८ रहेका।
- संस्थाले विपन्न वर्गको आर्थिक आयोपार्जनका लागि आ.व.२०७६/७७ मा अनुमानित रु.८ अर्ब ४१ करोड २ लाख ४८ हजार कर्जा लगानी गरेको साथै उक्त अबधिमा रु.७ अर्ब ८९ करोड ६८ लाख ८५ हजार असुली गरी आ.व.२०७६/७७ को असार मसान्तसम्म यस संस्थाको लगानीमा रहेको उठाउन बाँकी कर्जा रु.१० अर्ब ४२ करोड ४७ हजार रहेको।

- आ.व.२०७६/७७ मा कूल रु.५१ करोड ३७ लाख ३१ हजारले कर्जा बृद्धि भएको।
- यस संस्थाले विपन्न वर्गका सदस्यलाई बचत गर्न प्रेरित गरीआ.व.२०७६/७७ मा मात्र रु.३८ करोड ३३ लाख ७६ हजार बचत संकलन गरेको र आ.व.२०७६/७७ को आषाढ मसान्तसम्म जम्मा बचत रकम रु.३ अर्ब ६२ करोड १२ लाख ९० हजार भएको।
- यस संस्थाले ग्राहक सदस्यहरुको जोखिम बहन गर्नका लागि वीमा कम्पनीहरुसंग म्यादी जीवन वीमा गर्ने व्यवस्था गरी वीमाको कार्यक्रम समेत सञ्चालन गरेको।
- संस्थामा आधुनिक Web-based software लागू गर्न BID Document तयार गरी खरिद प्रकृया अघि बढाउने क्रममा रहेको।

# परिच्छेद ४
# आर्थिक बर्ष २०७६/७७ को प्रगति विवरण

## १. बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली [1]

### (क) समग्र बजेट खर्चको यथार्थ विवरण

| शीर्षक | आ.व. २०७५/७६ को आषाढ महिनासम्म | आ.व. २०७६/७७ को आषाढ महिनासम्म | गत आ.व.को तुलनामा वृद्धि % |
|---|---|---|---|
| कुल सरकारी खर्च (रु.) अर्ब | १११० | १०९४ | (१.४४) |
| चालु खर्च (रु.) अर्ब | ७१६ | ७८६ | ९.७८ |
| पूँजीगत खर्च (रु.) अर्ब | २४१ | १९१ | (२०.७५) |
| वित्तीय व्यवस्था (रु.) अर्ब | १५२ | ११६ | (२३.६८) |

### (ख) अर्थ मन्त्रालय र अन्तर्गत बिनियोजित बजेट तथा खर्च [2]

रु. लाखमा

| बजेट उपशीर्षक | आयोजना कार्यक्रम | बजेट | | | खर्च | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ३०५०००११ | अर्थ मन्त्रालय | ३,५५९ | ३१८ | ३,८७७ | ३,०२४ | १०३ | ३,१२८ | ८४.९७ | ३२.४८ | ८०.६७ |
| ३०५०००१२ | ऋण असुली पुनरावेदन न्यायधिकरण | १२३ | ६ | १२९ | १०५ | ४ | १०९ | ८५.५३ | ६६.२४ | ८४.६३ |
| ३०५०००१३ | ऋण असुली न्यायधिकरण | ३४५ | २१ | ३६६ | ३१३ | २० | ३३३ | ९०.७० | ९६.२४ | ९१.०२ |
| ३०५०००१४ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ४,००० | | ४,००० | ३,६४६ | - | ३,६४६ | ९१.१४ | - | ९१.१४ |
| ३०५००१०१ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | १,२९० | | १,२९० | १,०२४ | - | १,०२४ | ७९.४० | - | ७९.४० |
| ३०५००१०२ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ५,७६० | | ५,७६० | ५,७६० | - | ५,७६० | १००.०० | - | १००.०० |
| ३०५००१०३ | शीत घर निर्माण (ब्याज अनुदान) | ५० | | ५० | - | - | - | - | - | - |
| ३०५००१०५ | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | १५० | | १५० | - | - | - | - | - | - |
| ३०५००१०७ | पूँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ३८ | ८१२ | ८५० | ३ | ८१२ | ८१६ | ९.१७ | १००.०० | ९५.९७ |
| ३०५००१०८ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | १९,९४० | ६७,१४० | ८७,०८० | ४,१६५ | ८,२४८ | १२,४१२ | २०.८९ | १२.२८ | १४.२५ |

1 अपरिष्कृत तथ्याङ्क

2 अपरिष्कृत तथ्याङ्क

| बजेट उपशीर्षक | आयोजना कार्यक्रम | बजेट | | | खर्च | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ३०५००११० | ब्याज अनुदान (कृषि, पशुपालन तथा अन्य आयआर्जन) | ५०,००० | - | ५०,००० | ११,०४९ | - | ११,०४९ | २२.१० | - | २२.१० |
| ३०५०१०११ | महालेखा नियन्त्रक कार्यालय | १,२८५ | १३३ | १,४१८ | १,०५६ | ११८ | १,१७४ | ८२.२२ | ८८.०७ | ८२.७७ |
| ३०५०१०१२ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ४६० | ३१ | ४९१ | ४३६ | ३० | ४६६ | ९४.८५ | ९७.०० | ९४.९९ |
| ३०५०१०१३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७६ | ८ | १८४ | १५१ | ६ | १५८ | ८६.०३ | ७६.९९ | ८५.६४ |
| ३०५०१०१४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६,२२२ | १,६०९ | ७,८३१ | ६,०३८ | १,१२२ | ७,१६० | ९७.०४ | ६९.७७ | ९१.४४ |
| ३०५०११०१ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ७,५२३ | १,९१४ | ९,४३८ | १,४४८ | २६४ | १,७१३ | १९.२५ | १३.८१ | १८.१५ |
| ३०५०२०११ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५७१ | ७० | ६४१ | ३८६ | २८ | ४१५ | ६७.७१ | ४०.३० | ६४.७२ |
| ३०५०३०११ | भन्सार बिभाग | १,७५४ | ६० | १,८१४ | १,२०५ | ४२ | १,२४७ | ६८.६८ | ६९.५४ | ६८.७१ |
| ३०५०३०१२ | भन्सार कार्यालयहरू | ७,९८५ | २,०८८ | १०,०७३ | ७,९३७ | ९४४ | ८,८८० | ९९.३९ | ४५.२० | ८८.१६ |
| ३०५०३१०१ | भन्सार सुधार कार्यक्रम | १,५५५ | ९,१४८ | १०,७०३ | ५२७ | ३,५८४ | ४,१११ | ३३.९० | ३९.१८ | ३८.४१ |
| ३०५०४०११ | आन्तरिक राजस्व विभाग | ६,२७६ | १,७७९ | ८,०५५ | १,५८७ | ५२९ | २,११६ | २५.२८ | २९.७४ | २६.२७ |
| ३०५०४०१२ | आन्तरिक राजस्व कार्यालयहरू | १२,८५३ | ३,८६७ | १६,७१९ | १०,२३६ | १,५८४ | ११,८२० | ७९.६४ | ४०.९७ | ७०.७० |
| ३०५०५०११ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ५६३ | २११ | ७७४ | १४९ | ९३ | २४२ | २६.५० | ४३.९७ | ३१.२७ |
| | जम्मा | **१३२,४७८** | **८९,२१५** | **२२१,६९३** | **६०,२४७** | **१७,५३२** | **७७,७७९** | **४५.४८** | **१९.६५** | **३५.०८** |

**वित्तीय ब्यवस्था तर्फ**

रु. लाखमा

| बजेट उपशीर्षक | आयोजना/कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ५०१०५१०१ | लगानी -विविध | ९७६८२ | २९०४५ | २९.७३ |
| ५०१०५१०२ | पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | २१००० | २१००० | १००.०० |
| ५०१०५१०३ | सार्वजनिक संस्थान सुधार कार्यक्रम | ५५०० | १०९ | १.९८ |
| | जम्मा | १२४१८५ | ५०१५८ | ४०.३९ |

## (ग) आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका महत्त्वपूर्ण कामहरू

- आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रमको समिक्षा गरी खर्च व्यवस्थापन, राजस्व व्यवस्थापन, वैदेशिक सहायता परिचालनमा तत्कालीन र दिर्घकालीन रूपमा अपनाउनु पर्ने नीतिगत सुधार गरिएको।
- राष्ट्रिय आयोजना बैङ्क मार्फत आयोजना छनौट र प्राथमिकरण गर्ने कार्यको शुरूवात गरिएको। आयोजना बैङ्कको स्वीकृति र मध्यकालीन खर्च संरचनामा समावेश भएका आयोजनामात्र बजेटमा समावेश हुने प्रणालीको विकास गरिएको।

- बजेटमाथि पर्ने निवृत्तभरणको असिमित दायित्व व्यवस्थापन गर्न योगदानमा आधारित निवृत्तभरण प्रणाली लागु गरिएको।
- लेखा ढाँचामा पुनरावलोकन गरी संघ र प्रदेश सरकारका निकायहरूमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards- NPSAS) लागु गरिएको। सबै केन्द्रीय निकाय र प्रदेश सरकारले सो अनुसारको वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्न थालनी भएको।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तराष्ट्रिय मापदण्ड (GFS 2014) अनुरुप हुने गरी आर्थिक सङ्केत निर्धारण तथा वर्गीकरण गरिएको।
- आयोजनामा विना स्रोतको ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न ठूला आयोजनाहरूको बहुवर्षीय खरीद प्रक्रियाको समुचित व्यवस्थापनका लागि निश्चित आधार तथा मापदण्डसहितको आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याइएको।
- विगतदेखि निर्माण आरम्भ भएका तर स्रोतको न्युनताले गर्दा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरूलाई सम्पन्न गर्ने प्रयोजनको लागि बजेट विनियोजन गरी माग, कार्यप्रगति र स्रोतको उपलब्धताका आधारमा निकासा दिने काम शुरु गरिएको।
- नेपाल सरकार र प्रदेश तहमा कार्यान्वयनमा रहेका मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र प्रदेश एकल खाता कोष प्रणाली (PTSA) बीच एक आपसमा अन्तर आवद्ध (Integration) कायम गरी बजेट निकासा र भुक्तानी प्रणालीमा रहेका जोखिमलाई न्यूनीकरण गरिएको।
- मौसमी प्रतिकूलताका कारण समयमा खर्च गर्न कठिन हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा विनियोजित बजेट मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भ देखिनै खर्च गर्न मिल्ने गरी निकासा गर्ने ब्यवस्था मिलाइएको।
- नेपाल सरकारको मन्त्रालयगत बजेट सरकारको (Line Ministry Budget Information System-LMBIS) संग तादाम्यता कायम हुने गरी प्रदेशको बजेट तर्जुमा, निकासा र प्रतिवेदनका लागि प्रदेशस्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System- PLMBIS) पूर्णरुपमा कार्यान्वयनमा ल्याइएको।
- नेपाल सकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) को Upgraded Version को विभिन्न Module हरुको Testing कार्य भएको।
- आर्थिक वर्ष २०७६/७७ मा विभिन्न मन्त्रालय/निकायहरुबाट प्राप्त भएका ९२ वटा ऐन/ नियम/ निर्देशिका/कार्यविधि उपर राय/सहमती प्रदान गरिएको।

## २. राजस्व व्यवस्थापन

### राजस्व परिचालनको अवस्था [3]

| तुलनात्मक विवरण (रु. करोडमा) | | | |
|---|---|---|---|
| शीर्षक | आ.व. २०७५/७६को आषाढ मसान्तसम्म | आ.व. २०७६/७७को आषाढ मसान्तसम्म | गत आ.व.को तुलनामा बृद्धि % |
| भन्सार महसुल | १५५३६.६६ | १३७९९.०३ | -११.१८% |
| मु.अ.कर | २४१६१.२६ | २२४०७.०५ | -७.२६% |
| आन्तरिक | ८९५५.६ | ९८२६.३६ | ९.७२% |
| आयात | १५२०५.६६ | १२५८०.६९ | -१७.२६% |
| अन्तःशुल्क | १२१८५.८२ | १००६२.२६ | -१७.४३% |
